# परिच्छेद – एकः पृष्ठभूमि, कानुनी व्यवस्था तथा परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र राज्यशक्तीको प्रयोग तीनै तहले संविधान र कानून बमोजिम गर्ने व्यवस्था गरेको छ । संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ । संविधानको अनुसूची ८ को स्थानीय तहको अधिकारको सूचीको क्रमसंख्या ६ मा स्थानीय तथ्याङ्क तथा अभिलेख संकलन सम्बन्धी अधिकार तथा क्रमसंख्या १७ मा वेरोजगारको तथ्याङ्क संकलन सम्बन्धी अधिकारलाई सूचीकृत गरेको छ । नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरुको कार्य विस्तृतीकरण प्रतिवेदनले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, वेरोजगारको तथ्याङ्कसहित स्थानीय तहको आधारभूत तथ्याङ्क, संभाव्य प्राकृतिक, भौतिक र साँस्कृतिक श्रोत साधनको तथ्याङ्कीय अभिलेख, सूचना तथा प्रविधियुक्त तथ्याङ्क व्यवस्थापनलाई स्थानीय तहको कार्य क्षेत्र भनी उल्लेख गरेको छ । उपरोक्त संवैधानिक व्यवस्था र अधिकारको व्याख्या अनुसार स्थानीय तहको विस्तृत र खण्डीकृत तथ्याङ्क सहितको वस्तुगत विवरण तयार गर्न आधारभूत प्रक्रिया, विधि र फारामहरु सहितको गाउँ तथा नगर वस्तुगत विवरण तयारी कार्यविधि, २०७४ जारी भएको छ । कार्यविधिको प्रमुख उद्देश्य प्रत्येक स्थानीय तहहरुले विकास प्रक्रिया तथा सेवा प्रवाहका लागि नीति, योजना तथा कार्यक्रमहरु तयार गर्न अत्यावश्यक आधारभूत तथ्यांक, सूचना वा विवरण संकलन, विश्लेषण तथा व्यवस्थापनका न्यूनतम विषयहरुमा एकरुपता र स्तरीयता कायम गरी तथ्याङ्क संकलनका पद्धति, प्रक्रिया, औजार तथा प्रक्रियाहरु निर्धारण गरी स्तरीय ढाँचामा गाउँ वा नगर वस्तुगत विवरण तयारी गर्न दिशानिर्देश प्रदान गरेको छ ।

नेपालको संविधान अनुसार नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरण प्रतिवेदन, स्थानीय तह शासन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी विधेयक तथा स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ ले स्थानीय तहलाई आ-आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालिन योजनाहरु तयार गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । सो अनुसार स्थानीय तहको रणनीतिक/आवधिक, एकीकृत एवं बार्षिक योजना तर्जुमा र नतिजा अनुगमनको लागि क्षेत्रगत स्थितिसहित स्थानीय तहको वस्तुगत विवरण तयारी आवश्यक रहेको छ । उक्त विवरणमा आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकासका क्षेत्रमा गाउँपालिका तथा नगरपालिका भित्र रहेका भौतिक, प्राकृतिक, धार्मिक, साँस्कृतिक, सामाजिक, मानवीय श्रोत साधनहरुको तथ्याङ्कको विश्लेषण र प्रस्तुती संलग्न हुन आवश्यक छ ।

स्थानीय योजना तर्जुमा तथा अनुगमनलाई सूचनामा आधारित, व्यवस्थित, एकीकृत, नतिजामूलक, सहभागितामूलक र प्रभावकारी बनाउन वस्तुगत विवरणले निर्णयकर्ता तथा विकास प्रदायक संस्थालाई महत्वपूर्ण आधार प्रदान गर्दछ । तसर्थ वस्तुगत विवरणमा योजना तर्जुमा, नतिजा अनुगमन तथा सेवा प्रवाहको लागि आवश्यक आधारभूत विवरण संकलन गर्ने र निश्चित अवधिमा त्यसलाई अद्यावधिक गर्दै उपलब्ध स्रोत साधनको समुचित उपयोग सुनिश्चित गर्नुपर्ने हुन्छ ।

सूचना प्रविधिमा आधारित वस्तुगत विवरण संकलन, भण्डारण, प्रशोधन र विश्लेषणका आधारमा वस्तुगत विवरण प्रकाशन र अद्यावधिक गर्नु नै आर्थिक दृष्टिले समेत दीगो सूचना व्यवस्थापन हुने

लक्षका साथ माडी नगरपालिकाको नगर पार्श्वचित्र तयार गरिएको हो ।

नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारहरुलाई दिएको २२ वटा एकल अधिकार र १५ वटा साझा अधिकारहरुलाई स्थानीयस्तरमा स्थापित गर्न र सो सम्वन्धी सेवाहरुलाई स्थानीय स्तरमा प्रभावकारिताका साथ प्रवाह गर्न सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले (हालको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय) देशका सवै स्थानीय सरकारहरुलाई गाँउ तथा नगर पार्श्वचित्र तयारीका लागि निर्देशन तथा अनुरोध गरेको थियो । यसै विषयलाई आत्मासात गरि माडी नगरपालिकाको एकिकृत नगर विकासका लागि नगर क्षेत्र भित्रको तथ्याङ्क संकलन गरि समग्र नगरपालिकाको अवस्था तथा वस्तुस्थिति झल्कने गरि माडी नगर पार्श्वचित्र (Municipal Profile of Madi Municipality) तयार गरिएको हो ।

**स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ अनुसार,** स्थानीय तहको शासन संचालन सम्बन्धी विधेयक छलफलको प्रक्रियामा रहेकोले तत्काल स्थानीय तहको शासन सञ्चालन तथा व्यवस्थापनको लागि नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४ जेठ २ गतेको निर्णय अनुसार स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ जारी भएको छ । यस आदेशको अनुसूची ३ मा स्थानीय तथ्याङ्क र अभिलेख संकलन बारेमा र अनुसूची ४ मा वडा कार्यालयहरुले योजना तर्जुमा र तथ्याङ्क अध्यावधिक गर्नु पर्ने व्यहोरा उल्लेख छ । प्रस्तुत आदेशमा जनसांख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकांक, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क संकलन र प्रशोधन गरी राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पार्श्वचित्र तथा श्रोत नक्साको अद्यावधिक अभिलेखनलाई गाउँपालिका वा नगरपालिकाको काम कर्तव्य र अधिकार भनि उल्लेख गरेकोले सोहि अनुसार माडी नगरपालिकाको पार्श्वचित्र तयार पारिएको छ ।

**स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४** को दफा १ मा "प्रत्येक स्थानीय तहले वार्षिक योजना तथा बजेट तर्जूमा सहभागितामुलक प्रक्रियाबाट नतिजामुलक ढंगले गर्नुपर्ने र योजना र बजेट तर्जूमा गर्नु पूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिती देखिने गरी वस्तुगत विवरण (Profile)तयार गर्नु पर्नेछ" भन्ने व्यवस्था रहेको हुनाले सोहि अनुसार माडी नगरपालिकाको पार्श्वचित्र तयार गरिएको छ ।

**स्थानीय सरकार संचालन ऐनः २०७४** को परिच्छेद ३ दफा ११ को उपदफा २ को च (२) र (३) ङ को (२), (४), (५) र (६) मा स्थानीय अभिलेख व्यवस्थापन, दफा ११ को उपदफा २ थ (१), (२) (३), (४) र (५) मा वेरोजगारको तथ्याङ्क संकलन तथा दफा १२ को वडा समितिको काम, कर्तव्य अधिकार अन्तर्गत उपदफा २ को (ख) मा तथ्याङ्क अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्याङ्क र सूचनासहितको वडाको पार्श्वचित्र तयार तथा अद्यावधिक गर्ने व्यवस्था रहेकोले सोहि अनुसार वडाको अवस्था सहित झल्कने गरि पार्श्वचित्र तयार गरिएको छ ।

वर्तमान अवस्था अनुसार नेपालको सन्दर्भमा स्थानीय तह स्थानीय सरकार हो । यसले स्थानीयस्तरमा जनतालाई तोकिएको सेवाहरु प्रवाह गर्दछ । स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहहरुले आफ्नो नगरपालिका तथा नगरपालिकाको वस्तुगत विवरण तयार गरी त्यसैका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था उल्लेख गरेको छ । वस्तुगत विवरण तयारीका लागि सूचना

संकलन र विश्लेषण गर्नु पर्दछ । संकलन गरिएका सुचनालाई यथार्थपरक ढंगले राखी वस्तुगत विवरण तयार गर्दा त्यसले स्थानीय तह लगायत अन्य सरोकारवालाहरुवाट विकास क्रियाकलाप संचालन गर्न ठुलो सहयोग पु-याउँदछ ।

*वस्तुगत विवरण (Profile) भन्नाले कुनै स्थान, क्षेत्रमा रहेको जनसख्या, भौगोलिक अवस्था, समाजिक विशेषता, प्राकृतिक सम्पदा, आर्थिक अवस्था, विकासको स्थिति आदि स्पष्ट हुने आधारभूत तथ्यांक, सूचक वा आधाररेखाको विवरण रहेको दस्तावेज हो । वस्तुगत विवरणलाई नेपालीमा "पार्श्वचित्र" पनि भनिन्छ । Profile शब्दलाई भूगोल, ईन्जिनियरिङ, चिकित्साशास्त्र आदि क्षेत्रमा फरक फरक वस्तुको विशेषता विश्लेषण गर्न प्रयोग गरिएता पनि कुनै प्रशासनिक वा भौगोलिक क्षेत्र बारेको तथ्याङ्क प्राप्ती, विश्लेषण तथा प्रस्तुती गरिएको विवरणलाई पनि वस्तुगत विवरण (Profile) भन्ने गरिएको छ ।*

कुनै पनि व्यक्ति, संस्था, घटना, प्रक्रिया वा चिजविज वारेको तथ्य वा विस्तृत विवरणलाई सामान्यतः सूचना भनिन्छ । संकलनका आधारमा यी दुई प्रकारका हुन्छन् - प्राथमिक सुचना र द्वितीय सूचना । प्राथमिक सूचना आफैले सम्बन्धित क्षेत्रमा गएर संकलन गरिन्छ भने अरुले संकलन गरेको सूचनालाई द्वितीय सूचना भनिन्छ । यी सूचनाहरुलाई संकलन, प्रशोधन (तालिकीकरण, व्याख्या वा विश्लेषण) तथा प्रकाशन गर्ने सम्मका सम्पूर्ण कार्यहरु सूचना व्यवस्थापन अर्न्तगत पर्दछन । आवश्यकता अनुसार चाहिएको मात्रामा र समयमा सूचना प्राप्त गर्न सकियोस भन्ने उद्देश्यले सूचना व्यवस्थापन गरिन्छ । व्यवस्थित गरिएको सूचनालाई आवश्यक मात्रामा निकाल्न र प्रयोग गर्न सकिने हुनुपर्दछ । सूचना व्यवस्थापन नगरी सवै वा अनावश्यक मात्रामा दिँदा मुख्य विषय छुट्ने वा ओझेलमा पर्ने सम्भावना हुन्छ । त्यसकारण सूचनाको व्यवस्थापन गरिनु पर्दछ ।

नगरपालिकाको विकास निर्माण र सार्वजनिक सेवा प्रवाहमा स्थानीय तहको भूमिका अत्याधिक मात्रामा बढिरहेको सन्दर्भमा नगरपालिकामा विकास सम्बन्धी सूचना व्यवस्थापन नगरपालिकाले गर्नुपर्ने एक महत्वपूर्ण कार्य हो । हाल मन्त्रालयले नेपालका सवै गाँउपालिका र नगरपालिकाका लागि वस्तुगत विवरण तयारीका लागि स्पष्ट खाँका तयार गरि सवै स्थानीय तहमा पठाई सकेको हुनाले तयार गर्न चाहने नपाहरुका लागि वस्तुगत विवरण तयार गर्न सहयोगी हुने र विगतमा रहेको अपूर्ण र एकरुपताको अभाव तथा कठिनाईलाई हटाउन सक्ने देखिन्छ । विविध पक्षहरुको वास्तविक स्थितिको तथ्यांक र सूचना विना कुनै पनि योजनाको सही छनौट हुन सक्दैन । तसर्थ वस्तुगत विवरणको आधारमा प्राथमिकता निर्धारण गरी वास्तविक आवश्यकता र जनताको चाहनामा आधारित कार्यक्रम संचालन गर्न तथा भविष्यका लागि पूर्व तयारी गर्न समेत पार्श्वचित्रले सहयोग गर्दछ ।

### १.२ उद्देश्यः

समग्रमा यस अध्ययनको मुख्य उद्देश्य माडी नगरपालिकाको वस्तुस्थितीको वारेमा पहिचान गर्नु हो । साथै माडी नगरपालिकासंग सम्वन्धीत आर्थिक, सामाजिक र भौगोलिक आदी विभिन्न वस्तुस्थितिको विश्लेषण गरी स्थानीय तहको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन लगायत अनुगमन मुल्याकंनमा सहयोग पुऱ्याउनु रहेको छ । यस पार्श्वचित्रको विशिष्ट उद्देश्यहरु निम्न वमोजिम रहेका छन् ;

- भौगोलिक, प्रशासनिक, सामाजिक, आर्थिक, सांस्कृतिक, प्राकृतिक, धार्मिक, ऐतिहासिक, पूर्वाधार पँहुच, लगायत संवेदनशील सवाल र विकासको सन्दर्भमा न.पा.मा रहेका समुदायको विद्यमान अवस्थाको विश्लेषण गर्नु र नयाँ योजना तर्जुमाका लागि पृष्ठपोषण (Feedback) प्राप्त गर्ने ।

- माडी नगरपालिकाको दीर्घकालीन योजना तथा नीति निर्माण लगायत योजना तथा कार्यक्रम छनौट र बाँडफाँडमा सहयोग पुचाउने ।
- सूचनाबाट विभिन्न निकाय तथा व्यक्तिहरुसँग सम्बन्ध बढाउन सहज हुने हुनाले आपसी सहयोगको वातावरण निर्माण गर्ने ।
- माडी नगरपालिकाभित्र रहेका स्रोत साधन लगायत अवस्थाको वारेमा अध्ययन अनुसन्धान गर्ने अनुसन्धानकर्ता, योजनाकार, संघसंस्था एवं नगरपालिकाको विकासमा जिज्ञासा राख्ने व्यक्तिहरुलाई महत्वपुर्ण क्षेत्र, सम्भावना र समस्याहरुको वारेमा अवगत गराउने सामाग्रीको रुपमा दस्तावेज तयार गर्ने ।

### १.३ अध्ययन/ढांचा बिधिः

नगरपालिकाको वस्तुगत विवरणको ढाँचा तयारीका लागि हाल तयार भएका साविकका वडाहरुका वस्तुगत विवरणहरुको अध्ययन, सहस्राब्दी विकास लक्ष्यका लक्ष्य तथा सूचकहरुको अध्ययन, जिल्ला सूचना व्यवस्थापन सम्बन्धी दिग्दर्शन, आवधिक योजना तर्जुमा निर्देशिका आदि सामग्रीहरुको अध्ययन, नगरपालिकाका वडाहरुको स्थलगत अध्ययन, यस क्षेत्रमा कार्य गरेका विज्ञहरुसँग गरेको परामर्श आदि प्रमुख रहेका छन ।

उल्लेखित ढाँचा अनुसार पार्श्वचित्र तयारीको लागि विभिन्न अध्ययन विधिहरुको प्रयोग गरिएको छ । यस क्रममा घरधुरी सर्वेक्षण २०७४, राष्ट्रिय जनगणना २०६८, राजपत्रमा प्रकाशित सूचना तथा तथ्यांक, जिल्ला समन्वय समिति चितवनवाट प्रकाशित सुचना, साविकका गा.वि.स. प्रोफाइल, वडागत सर्भेक्षण, समुहगत छलफल तथा अर्न्तक्रिया लगायत सामाजिक अध्ययन विश्लेषणका विवरणात्मक र विश्लेषणात्मक शैलीहरुको उपयोग गरिएको छ । यसैगरी स्थानीय तहमा उपलब्ध प्रकाशित तथा द्धितीय सूचनाका श्रोतहरु, विभिन्न संघसंस्थाका प्रतिवेदनहरु लगायतको समेत प्रयोग, अध्ययन विश्लेषण लगायत जि.आई.एस.प्रविधी मार्फत नक्सांकन गरी समग्र माडी नगरपलिकाको अवस्था झल्कने गरी माडी नगर पार्श्वचित्र तयार गरिएको छ ।

### १.४ अध्ययनको महत्वः

विकासका प्रतिफलहरु जनसमक्ष पुऱ्याउन र सबै वर्गले उपयोग गर्न सक्ने वातावरणको श्रृजना गर्नका लागी स्थानीय तहको वास्तविक वस्तुस्थिति र आवश्यकताको पहिचान गर्नु आवश्यक हुन्छ । आजको विश्वव्यापीकरण (Globalization) को यूगमा समय सापेक्ष ढंगले समानूपातिक विकासका प्रकृयाहरु अगाडी बढाउन सम्बन्धित क्षेत्रको वस्तूगत र विश्लेषणात्मक अध्ययन हुनु जरुरी पर्दछ । यस अध्ययनले सम्बन्धित क्षेत्रको वास्तविक वस्तूस्थिति पहिचान गरी भावी विकास योजना र रणनीतिहरु तर्जूमा गर्न तथा विभिन्न विकासका कियाकलापहरु संचालन गर्न विशेष महत्व राख्ने छ । यसका अतिरिक्त प्रस्तूत पार्श्वचित्र सम्बन्धित क्षेत्रका संस्था एवं अनूसन्धानकर्ता, योजनाकार, विकास चिन्तक, समाजसेवी लगायत जिज्ञाशु महानुभावहरुलाई समेत उपयोगी हुने भएकोले यस अध्ययनको महत्व व्यापक रहेको छ ।

### १.५ अध्ययनका सीमाहरु

नगरपालिकाको वस्तुगत विवरण तयारीका लागि ढाँचा तयार गर्ने क्रममा प्राप्त विभिन्न विषयक्षेत्रको सैद्धान्तिक अध्ययन गरिएको भएतापनि वास्तविक रुपमा सम्बन्धित क्षेत्रमा परीक्षण गर्न वाँकी रहेको

हुनाले सुधार गर्नुपर्ने हुन सक्छ । यसैगरी भौगोलिक, सामाजिक, धार्मिक, सांस्कृतिक, आर्थिक, प्राकृतिक आदि विविधता भएको क्षेत्रको सम्पूर्ण पक्ष नसमेट्न सक्छ भने कतिपय उल्लेखित सवै फारामहरु नगरपालिकाका लागि उपयोग नहुन सक्छ । छोटो समयमा द्धितिय सुचनामा आधारित भई तयार पार्नु पर्ने लगायत समय सिमाका कारण प्राथमिक सुचनाको अध्ययन विधीलाई प्रयोग गर्न सकिएको छैन ।

तापनि पार्श्वचित्रको अध्ययन क्षेत्र विस्तृत भएको हुँदा अध्ययनको उद्देश्यलाई नै मुख्य क्षेत्रको रुपमा लिईएको छ । साधन, श्रोत, समय, लागत, सूचना लगायत अन्य कुराहरुको सिमितताको कारणले गर्दा जुनसुकै अध्ययन पनि केही निश्चित सीमा भित्र बाधिएको हुन्छ । यस अध्ययनमा मन्त्रालयले उपलब्ध गराएको मार्ग दर्शन र ढाँचा अनुसार तयार गरिएको आधारभुत सर्वेक्षण ढाँचावाट प्राप्त तथ्याङलाई नै यस अध्ययनको मुख्य सिमाक्षेत्र मानिएको छ । यस अध्ययनलाई पुर्णता दिनका लागि द्धितीय श्रोतबाटसूचना संकलन गरिएको छ । यसका लागि तालिकीकरणमा सहज हुने गरी प्रश्नावली तयार गरिएको थियो। सहस्राब्दी विकास लक्ष्यले निर्धारण गरेका लक्ष्य तथा सूचक समेत यस विवरणमा समावेश गरिएको छ ।

# परिच्छेद – दुईः नगरपालिकाको परिचय

## २.१ भौगोलिक तथा राजनैतिक बनावट :

साविकका ४ वटा गा.वि.स. हरु अयोध्यापुरी, माडी कल्याणपुर , बघौडा र गर्दिलाईसमेटेर वि.सं. २०७३ सालमा माडी नगरपालिका घोषणा भएको हो ।यसको सिमानामा पूर्वमापर्सा जिल्ला, पश्चिममा चितवन राष्ट्रिय निकुञ्ज, उत्तरमाचितवन राष्ट्रिय निकुञ्जर दक्षिणमा पर्सा जिल्ला र भारतपर्दछन ।




भौगोलिक अवस्थिति अनुसार यस नगरपालिका ८४ डिग्री १५ मिनेट २० सेकेण्ड देखि ८४ डिग्री ३२ मिनेट ३३ सेकेण्ड पूर्वी देशान्तर सम्म फैलिएको छ भने २७ डिग्री २१ मिनेट, १६ सेकेण्ड देखि २७ डिग्री ३० मिनेट ४९ सेकेण्ड उत्तरी अक्षांस सम्म फैलिएको छ । माडी नगरपालिका चितवन जिल्लाको दक्षिण भेगमा अवस्थित छ । माडी नगरपालिकाको जम्मा क्षेत्रफल २१८.५२ वर्ग कि.मी. रहेको छ । यस नगरपालिकाको उत्तर दक्षिणको लम्वाई २९.११ कि.मि. रहेको छ भने पुव पश्चिममा ११.०६ कि.मि. सम्म फैलिएको छ । समून्द्र सतहबाट न्युनतम ६३ मिटर देखि ७५० मिटर सम्मको उचाईमा रहेको माडी नगरपालिकाको मौसम उष्ण तथा समशितोष्ण खालको रहेको छ । यस नगरपालिकामा तापक्रम न्यूनतम ८.३८ डिग्री से. अधिकतम ४१ डिग्री से. र वर्षा ५८६ मि.मि.सम्म हुने गरेको छ ।






साविकका ४ वटा गा.वि.स. का ३६ वटा वडाहरुलाई मिलाएर ९ वटा वडामा प्रशासनिक विभाजन गरिएको छ । चितवन जिल्लाको दक्षिणी सिमानामा रहेको माडी क्षेत्र भरतपुरबाट करिब ३८ कि.मी.को दुरीबाट शुरु हुन्छ । पूर्व,पश्चिम र उत्तरमा राष्ट्रिय निकुञ्ज रहेको चुरे पहाड तथा दक्षिणमा सोमेश्वर गढीले घेरिएको यो सुन्दर हरियाली उपत्यका हो ।




माडी क्षेत्रको नाम रहेको सम्बन्धमा बिभिन्न किम्बदन्तीहरु पाइन्छन् । माण्डव्य ऋषिले यस भूमीमा तपस्या गरेर यहाँका बासिन्दाहरुलाई मार्ग दर्शन गर्नु भएको र माण्डब्य ऋषिको तपस्थली भएकाले माडी भनिएको भन्ने किम्बदन्ती छ ।




यहाँका आदीबासी थारुहरुले आफ्नो भाषामा पानी जमेको स्थानलाई माड् भन्ने गरेका र माडी उपत्यका भित्र पानी जमेको देखेर थारुहरुले माड्-माड् भन्दै आउदा माडी नाम रहेको आदीबासी थारुजातीका बुढापाका, बुद्धिजिवीहरुको कथन रहेको छ ।



तत्कालीन गर्दी, बघौडा, माडी कल्याणपुर र अयोध्यापुरी गा.बि.स.रहेको यस क्षेत्रलाई एकिकृत रुपमा माडी क्षेत्र भनिएको र नेपाल सरकारले २०७१ साल मंसिर १६ गते ४ वटै गा.बि.स.लाई मिलाएर माडी नगरपालिका घोषणा गरिएको हो । यस नगरपालिकामा कुल जनसंख्या ४३४०२ जना रहेकोमा महिला जनसंख्या २०५९७ र पुरुष जनसंख्या २१९२१ रहेको छ । माडी नगरपालिका भित्र हुलाकी सडकको कुल लम्बाई २६ किलोमिटर कालोपत्रे रहेको छ । यस नगरपालिकामा मुख्य थारु वस्ती रहेको भएता पनि अन्य जातजातिहरुमा, ब्राम्हण, क्षेत्री, मगर, गरुङ, तामाङ, बिश्वकर्मा, परियार, बोटे दराई, राई, चेपाङ, गन्धर्ब, मधेसी, मुस्लिम लगायतका जातजातिको बसोबास रहेको छ ।

माडी क्षेत्रको नामको सम्बन्धमा बिभिन्न किम्बदन्तीहरु रहेको पाइन्छ । माण्डब्य ऋषिले यस भूमीमा तपस्या गरेर यहाँका बासिन्दाहरुलाई मार्ग दर्शन गर्नु भएको र माण्डब्य ऋषिको तपस्थली भएकाले माडी भनिएको भन्ने किम्बदन्ती छ ।









यस नगरपालिकामा रहेका धार्मिक, पर्यटकिय तथा ऐतिहासिक स्थलहरुमा बाल्मिकी आश्रम, परसुराम कुण्ड, सोमेश्वर गढीमाई, गोध्यक धाम, बैकुण्ठे धाम, बिक्रम बाबा , बैराठ धुनी आदि रहेका छन । यस्ता विभिन्न धार्मिक तथा ऐतिहासिक स्थानहरुले यस नगरपालिकाको गरिमा तथा पहिचानमा थप उर्जा प्रदान गरेको छ ।




## २.२ भू-उपयोग सम्वन्धि विवरण

भू–उपयोग सम्वन्धि विवरण हेर्दा माडी नगरपालिकाको जम्मा क्षेत्रफल २१८.५२वर्ग कि.मी. रहेको छ जसमध्ये वन जंगलले ओगटेको क्षेत्र ११२.२२ वर्ग कि.मीछ भने घाँसे मैदान १.१९वर्ग कि.मी रहेको छ । त्यसैगरि झाडी क्षेत्र १.२८ वर्ग कि.मी रहेको छभने नदी/नाला बगर ढुंगा३१.७४ वर्ग कि.मी तथा कृषि क्षेत्र७२.११ वर्ग कि.मी.रहेको छ । तलको तालिका तथा चार्टमा यस नगरपालिकाको भू उपयोग सम्वन्धी विवरणलाई देखाइएकोछ ।




### तालिका नं.२.१ भू -उपयोग सम्वन्धि विवरण

| **भू उपयोग सम्वन्धी विवरण (वर्ग कि.मी)** | |
|---|---|
| वन क्षेत्र | ११२.२२ |
| कृषि क्षेत्र | ७२.११ |
| घाँसे क्षेत्र | १.१९ |
| झाडी क्षेत्र | १.२८ |
| अन्य बगर, खोला/नदी क्षेत्र | ३१.७४ |
| **जम्मा** | **२१८.५२** |

श्रोतः जि.आई.एस. नक्सांकन २०७४

**चार्ट नं.२.१ भू -उपयोग सम्बन्धी विवरण**




## २.३ ऐतिहासिक अवस्था:

माडी क्षेत्रको नामको सम्बन्धमा बिभिन्न किवंदन्तीहरु रहेको पाइन्छ । माण्डब्य ऋषिले यस भूमीमा तपस्या गरेर यहाँका बासिन्दाहरुलाई मार्ग दर्शन गर्नु भएको र माण्डब्य ऋषिको तपस्थली भएकाले माडी भनिएको भन्ने किम्बदन्ती छ । यहाँका आदीबासी थारुहरुले आफ्नो भाषामा पानी जमेको स्थानलाई माड् भन्ने गरेका र माडी उपत्यका भित्र पानी जमेको देखेर थारुहरुले माड्-माड् भन्दै आउदा माडी नाम रहेको आदीबासी थारुजातका बुढापाका र बुद्धिजिबीहरुको कथन रहेको छ । ऐतिहासिक रुपमा पनि पाँच पाण्डबहरुलाई बनबासको सजाय हुदा यहि माडी उपत्यकामा आई बसेको भन्ने पनि भनाई छ । त्यसैगरि बाल्मिकी ऋषि पनि यहि स्थानमा आई हजारौ बर्ष तपस्यामा “लीन” भएको भन्ने पनि किवंदन्ती रहेको छ । वास्तबमै माडी नगरपालिका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पक्षबाट भरिपुर्ण नगरपालिका हो भन्दा फरक पर्दैन । साथै पूर्ब, पश्चिम र उत्तरमा राष्ट्रिय निकुञ्ज रहेको चुरे पहाड तथा दक्षिणमा सोमेश्वर गढीले घेरिएको यो सुन्दर हरियाली उपत्यका हो ।

## २.४ धार्मिक तथा पर्यटकिय स्थल




चितवन जिल्लाको दक्षिण दिशामा अवस्थित माडीनगरपालिकालाई धार्मिक, प्राकृतिक तथा पर्यटकिय स्थलका रुपमा विकास गराउन सकिने देखिन्छ । यस क्षेत्रमा अवस्थित प्राकृतिक तथा धार्मिक अनि सामाजिक सम्पदाहरुलाई पर्यटकिय हेतुवाट विकसित गराई नगरपालिकाको पर्यटकिय स्थलका रुपमा विकास गराउन सकिएमा यस नगरपालिकाको उच्चतम तथा तिव्र विकास हुने कुरामा दुइमत छैन । यस नगरपालिकामा रहेका धार्मिक, पर्यटकिय तथा ऐतिहासिक स्थलहरुमा

बाल्मिकी आश्रम, परसुराम कुण्ड, सोमेश्वर गढीमाई,गोध्यक धाम, बैकुण्ठे धाम, बिक्रम बाबा, बैराठ धुनी आदि रहेका छन । यस्ता विभिन्न धार्मिक तथा ऐतिहासिक स्थानहरुले यस नगरपालिकाको गरिमा तथा पहिचानमा थप उर्जा प्रदान गरेको छ । यस नगरपालिका भित्र रहेका विभिन्न धार्मिक तथा ऐतिहासिक स्थानहरुलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं २ धार्मिक तथा ऐतिहासिक स्थानहरु**

| क्र. स | नाम | स्थान | वडा नं. |
|---|---|---|---|
| १ | कोटीहोम | नयाँ पिपरीया ,रमाइलो डाँडा | ५ |
| २ | सोमेश्वरगढी | जंगल क्षेत्र (सिमाना) | ५ |
| ३ | पाँच पाण्डब | गर्दी | १ |
| ४ | बैकुण्ठे ताल | अयोध्यापुरी | ८ |
| ५ | लक्ष्मीबास भ्युटावर | लक्ष्मीबास | ६ |
| ६ | शनि मन्दिर | देवेन्द्रपुर | ७ |
| ७ | शिवद्वार मगर होम स्टे | शिवद्वार | ८ |
| ८ | छरछरे मन्दिर | छरछरे | ५ |
| ९ | एकता स्तम्भ | शितलपुर | ४ |
| १० | वैराठधुनी | वैराठ | ३ |
| ११ | त्रिबेणीधाम | घाँघर रेवा नदी किनार | ७,८ |
| १२ | शहिद स्तम्भ | बसन्तपुर चोक | ३ |
| १३ | दिवाकर वाटिका | नयाँ पिपरीया | ५ |
| १४ | थारु सग्रांहलय | बघौडा | ३ |
| १५ | दिवाकर रंगशाला | बसन्तपुर | ३ |

स्रोतः माडी नगरपालिका तथा स्थलगत सर्भेक्षण २०७४

## २.५ नगरपालिकामा मनाइने मुख्य चाडपर्व जात्रा तथा मेला

देशका अन्य भागमा जस्तै यस नगरपालिकाका वासिन्दाहरुले पनि राष्ट्रिय चाडपर्वका साथै आफ्नो जाति र धर्म विशेषका चाडपर्वहरु र रितिरिवाजहरु मान्दछन । यस नगरपालिकामा हरेक धर्ममा पनि जाति विशेष चाडपर्वहरु फरक फरक तरिकाले मनाउने गरेको पाइन्छ । परम्परागत रुपमा मनाइने चाडपर्वहरुमा दशै, तिहार, हरितालिका तिज, राम नवमी, शिवरात्री, फागुपुर्णिमा, नाग पञ्चमी,माघे सकान्ती, जितिया, साउने सकान्ती, कृष्ण जन्माष्टमी, चौरचन, इद, कुर्वानी तथा अन्य चाडपर्वहरु परम्मारागत रुपमा मनाइन्छ। तमु ल्योसार, भनेसामा चकेवा आदी जाती विशेषमा मनाइने गरिन्छ । विशेषगरी यस नगरपालिकाका अन्य मूख्य जात्रामा दुर्गा मेला, कृषि मेला आदी हुन ।

## २.६ नगरपालिकाका मुख्य बस्तिहरुको विबरण




परिवार, घर तथा टोल मिलेर एउटा बस्तिको संरचना हुन्छ । बस्ति भन्नाले त्यो स्थान भन्ने बुझिन्छ जहा भौतिक तथा जैविक पर्याबरणको अबस्थिति तथा सन्तुलन रहेको हुन्छ । वास्तबमा कुनै पनि क्षेत्रको



विकास तथा बिस्तार हुनको लागि त्यस क्षेत्रमा रहेका बस्तिको ठुलो योगदान रहेको हुन्छ । “ थोपा थोपा मिलेर जसरि सागर बनेको हुन्छ त्यसैगरि बस्ति बस्ति मिलेर वडा अनि वडा वडा मिलेर सिंगो नगरको स्वरुप तयार भएको हुन्छ । यस माडि नगरपालिकामा रहेका ९ वटा वडामा अबस्थित प्रमुख बस्तिहरु लाई नक्सा तथा तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका न. २.६ नगरपालिकाका मुख्य बस्तिहरुको विबरण**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वडा नं १ | अम्बाबास, बनकट्टा,बरुवा | चैनपर,चिरौलि ,द्रौपतिनगर | गर्दि,कल्याणपर | लक्ष्मुनिया, पाण्डवनगर | सेरुवा | शिखारिपुर | शिविर |
| वडा नं २ | अमलिया | भैरवपुर | जिवनपुर | पर्सा ,चिरौलि | सितलपुर | मजुवा | सिमराहनि |
| वडा नं ३ | खादरटोल | दोवाहा | रत्नी | सिमरा | इनरुवा | बसन्तपुर | बघौडा |
| वडा नं ४ | सिधुवा | अम्रौलि बजार | बिरान्चि | सितलपुर | खैरहनि | चम्पामार | |
| वडा नं ५ | पिपरिया | रमाइलोडाँडा | ब्रह्मपुरी | ढिकुरबारी | वेलवा | छरछरे | |
| वडा नं ६ | हरिनगर | कल्याणपुर | रामराज्यपुर | लक्ष्मिबास | स्याउलिबास | | |
| वडा नं ७ | गोपालनगर | गैरिनगर | दिवानगर | किर्तनपुर | जगन्नाथपुरी | देवेन्द्रपुर | |
| वडा नं ८ | खरकटटा | शिबद्धार | जिवनपुर | इन्द्रबस्ति | अयोध्यनपुर | कान्तिपुर | बारघरे |
| वडा नं ९ | बाँदरझुला | गणेषकुञ्ज | गोविन्दबस्ति | वगै | प्याउलि | खरिकुना | कृष्णनगर |

स्रोतः माडी नगरपालिका तथा स्थलगत सर्भेक्षण २०७४

## २.७ नगरपालिकामा रहेको सम्भाव्यता, अवसर, चुनौति र समस्याहरु

माडी नगरपालिका चितवन जिल्लामा अबस्थित नगरपालिका जसकोपुर्वमा चितवन राष्ट्रिय निकुञ्ज र पर्सा जिल्ला, पश्चिममा चितवन राष्ट्रिय निकुञ्ज उत्तरमा चितवन राष्ट्रिय निकुञ्ज दक्षिणमा सोमेश्वर गढी र भारतसँग जोडिएको एक धार्मिक सास्कृतिक, एतिहासिकतथा पर्यटकिय स्थलहरुले भरिएको नगरपालिका हो ।यो नगरपालिका चितवन जिल्लाको दक्षिणी सिमानामा रहेको माडी क्षेत्र भरतपुरबाट करिब ३८ कि.मी.को दुरीबाट शुरु हुन्छ । मुख्य थारुबस्ती रहेकोभएतापनि अन्य जातजातिहरुमा, ब्राम्हण, क्षेत्री, मगर, गद्ररुङ, तामाङ, बिश्वकर्मा, परियार, बोटेदराई, राई, चेपाङ, गन्धर्ब, मधेसी, मुस्लिम लगायतका जातजातिको बसोबास रहेको छ ।यस नगरपालिकामा वसोवास गरेका अधिकांश जनसंख्या आफु सँग भएको जग्गा जमिनमा खेतिपाती गरेर वर्ष भरी खान पुग्ने भएकोले कृषि पेशामा लागेको पाइन्छ । यसको साथै माडी नगरपालिका पर्यटकिय स्थान भएको कारण पनि यहाँका केहि मानिसहरुले आफ्नो निजी व्यवसाय चलाएर वसेको पाइन्छ । जस्तै होटल तथा खाजाघर, किराना पसल, आदी ।यस नगरपालिकाका केहि व्यक्तिहरुले आफ्नै निजि स्रोतवाट साना व्यापार ब्यबसाय संचालन गरेका छन भने धेरै व्यक्तिहरु अन्य पेशा तथा व्यवसायमा सलग्न छन । यस नगरपालिकाका व्यक्तिहरु थोरैको संख्यामा सरकारी वा गैह्सरकारी नोकरीमा लागेको पाइन्छ भने ठूलो संख्यामा व्यक्तिहरु विदेश गएकाछन । यस नगरपालिकाका मानिसहरुको मुख्य आम्दानीको स्रोत भनेको नै कृषि, वैदेशिक रोजगार, व्यवसाय, ज्यालामजदुरी आदी हो । बहुसंख्यक स्थानीयवासीहरु कृषि व्यवसायमासंलग्न रहेकाले यसनगरपालिकाको मुख्य संभावना र अवसर भनेको व्यवसायिक कृषि नै हो । यस न.पा.का केही मानिसहरु स्थानिय व्यापारी भएको हुदांव्यापार तथा व्यवसायमा पनिप्रवल संभावना र अवसरहरु रहेको छ । यस क्षेत्रका प्रमुख समस्याहरुमा वन्यजन्तुबाट हुने क्षती (मानव मृत्यु र घाइते, पशुधन क्षति, बालीनाली नोक्सानी, घरगोठ क्षति) को समस्याका कारण हाल माडी क्षेत्रमा मानव र वन्यजन्तु बिच द्वन्द्ध बढ्दो मात्रामा समस्याको रुपमा देखा परेको छ । वन अतिक्रमणको समस्या, अव्यवस्थित सुकुम्बासी समस्या, खोलाहरुको कटान तथा डुवानका साथै जमिन बगरमा परिणत भएको देखिन्छ । समाधानको अवस्थालाई हेर्दा कटान क्षेत्रहरुमा तटवन्ध तथा ड्याम निर्माण गर्नं पर्ने , हुलाकी सडक साघुरो लगायत कालो पत्रे बाटोहरु बिग्रिएको हुदा समय अनुसार मर्मत गरि अन्य शाखा बाटोहरु ग्रावेल गर्नं पर्ने , खानेपानी, विद्युत, पुल– कल्भर्टहरु निर्माण गर्नं पर्ने , स्वास्थ्य, शिक्षा, सूचनाको प्रभावकारी व्यवस्थापन गर्न आवश्यक रहेको , ऐतिहासिक धार्मिक स्थलहरुको संरक्षण, संवर्धन र प्रचारप्रसार गर्नुपर्ने, प्राकृतिक मनोरम दृश्य, आदिवासी तथा बोटे जातिको संस्कृतिको झलक सहित पर्यापर्यटनको विकासका लागि पूर्वाधारहरु तयार गर्नुपर्ने, नगरपालिका कार्यालय तथा वडा कार्यालय भवनको आवश्यकता, कार्यरत कर्मचारी दरवन्दी न्यून आदि समस्याको उचित समाधान तथा व्यवस्थापन हुनु जरुरी छ । धेरै समस्याका बावजुद पनि यस नगरपालिकामा प्रसस्त विकासका सम्भावनाहरु रहेका छन जस्तै :माडी क्षेत्रको समग्र विकास कृषि र पर्यटनमा आधारित हुनुपर्छ । जसको माध्यमबाट यस क्षेत्रका वासिन्दाको आर्थिक, सामाजिक, सास्कृतिक विकास संभव छ । प्रसस्त मात्रामा रहेका खोला, वगर क्षेत्रहरुबाट ढुंगा गिटी बालुवा निकासी गर्ने प्रावधानको व्यवस्था गर्न सके खोलाहरुको सतह गहिराइ हुने र वस्तीमा कम क्षती हुने संभावना देखिन्छ भने उक्त कार्यबाट नगरपालिकाको आन्तरिक श्रोत बढ्ने र सोही क्षेत्रमा लगानी गर्न सकिने संभावना देखिन्छ । हाल भैरहेको निर्वाहमुखी तरकारी खेतीलाई व्यवसायमुलक बनाउन सकेको खण्डमा यहांका मानिसहरुको जिवनस्तर उकास्न धेरै समय पर्खनु पर्दैन । यसैगरी यस न.पा मा फलफुल तथा जडीबुटीको पनि प्रसस्त सम्भाबना रहेको पाइन्छ । यसैगरी यस न.पा.मा घरेलु , साना तथा ठूला उद्योगहरुको प्रसस्त संभावना रहेको छ । यस न.पा.मा रहेको घरेलु सामाग्री उत्पादनले बिक्रीको लागि बजारको कुनै अभाव खेप्नु पर्ने देखिदैन । स्थानीय सिप र प्रविधिमा आधारित उत्पादनको माग हाल आएर बढ्दै गइरहेको सन्दर्भमा गुणस्तरयुक्त वस्तुहरुले यस ठाँउमा राम्रै गरी स्थान पाउने गरेको

देखिन्छ । यस न.पा. मा रहेको स्थानीय वजार यस न.पा.का मुख्य वजारहरु हुन र यिनै वजारहरु यस नगरपालिकामा वसोवास गर्ने घरपरिवारको किनमेलको गन्तव्य पनि हो । यसर्थ यहाँ व्यापारको सम्भावना पनि उत्तिकै रहेको छ । त्यसैगरि यस न.पा.मा उच्चस्तरको शिक्षाको अध्ययनको पुर्वाधार नरहेको हुँदाउच्च शिक्षाको लागी चितवन, विरगंज,हेटौडा,विराटनगर, काठमाण्डौ, भारत सम्म जाने गरिएको छ । निम्न आयस्तर हुने परिवारका वालवच्चाहरु भने यसै नगरपालिका भित्र रहेकाविभिन्न विद्यालयहरुमा पठनपाठन गर्ने गर्दछन ।

यातायात सुविधालाई हेर्दा यस नगरपालिकाको मध्य भाग हुदै अन्य बिभिन्न स्थान सम्म वाह्रैमासे यातायातका साधन संचालन भईरहेको छ । नगरपालिका देखी अन्य ठाँउसम्म जानको लागी यस न.पा. मा स्थानीय यातायात लगायत वसपार्क नभएको अवस्थामा अन्य ठाँउवाट आएका सवारी साधनको भर पर्नुपर्ने स्थिति रहेकोले न.पा.मा एउटा वसपार्कको निर्माण गर्नु पर्ने देखिन्छ । यसको अतिरिक्त अनियन्त्रीत रुपमा भएका वाटो निर्माण,जमिनको कटान, बाढि र डुवानको प्रकोप पनि बढि नै रहेको हुनाले यसको वारेमा बेलैमा सचेत र व्यवस्थित गर्नु पर्ने देखिन्छ ।

## २.८ नगरपालिकाको अन्तर सम्बन्ध

माडी नगरपालिकाको अर्न्तसम्बन्ध विशेषगरी छिमेकी गाँउपालिका तथा नगरपालिकाहरु लगायत चितवन, बिरगञ्ज तथा हेटौडासंग बढी मात्रामा रहेको छ । यहांका मानिसहरु दैनिक रोजगारी लगायत अन्य कारोवारको लागि नगरपालिका भित्रैका स्थानीय वजार लगायत चितवन जाने गर्दछन् । यस ठाउंमा उत्पादित कृषिजन्य वस्तुहरुको बिक्री वितरणका लागि जिल्ला सदरमुकाम लगायत, काठमाण्डौं र भारतसम्म पनि हुने गरेको देखिन्छ । न.पा.लाई चाहिने अन्य कृषि सामाग्री, खाद्य सामाग्री लगायत दैनिक आवश्यकताका वस्तुहरुको आयात भने मुलत चितवन, विरगञ्ज, काठमाण्डौवाट नै हुने गरेको देखिन्छ ।

**नगरपालिकाको अन्तर सम्बन्ध**



## २.९ नगरपालिकाको गतिशिलता

यस नगरपालिकाका मानिसहरुको गतिशिलता विश्लेषण गर्दा शिक्षा, स्वास्थ्य/औषधोपचार, रोजगारी र व्यापारको शिलशिलामा आफ्नै न.पा भित्रैका ठाँउहरु देखि लिएर छिमेकी चितवन, काठमाण्डौसम्म हुने गरेको देखिन्छ । हेटौडा, चितवन, काठमाण्डौं र भारतका विभिन्न स्थानहरुमा यहांका मानिस रोजगार, व्यापार/व्यवसाय, शिक्षा, स्वास्थ्यसेवा र अन्य प्रयोजनका लागि जाने मूख्य स्थानहरु हुन् । ठुलो संख्यामा यहांका मानिसहरु (विशेष गरेर भारत र खाडी मुलुकहरु) रोजगारका लागि समुन्द्रपारीसम्म जाने गरेको पाइन्छ ।

## २.१० वडा अनूसार परिवार संख्या तथा जनसंख्या सम्वन्धि विवरण

राज्य पुर्नसंरचना पश्चात् नेपालका सबै स्थानिय निकायहरुलाई संसोधन गरी जम्मा ७५३ वटा स्थानीय तह कायम गरे अनुरुप माडी नगरपालिकामासाविकका चारवटा गाविसहरुलाई गाभेर हाल ९ वडा कायम गरी प्रशासनिक कार्य संचालन भईरहेको छ । यस नगरपालिकाको वडागत आधारमा जनसंख्या सम्बन्धि अध्ययन गर्दा यहाँको कुल जनसंख्या ४३४०२ रहेको छ, जसमा पुरुषको कुल जनसंख्या २१९२१ रहेको छ भने महिलाको कुल जनसंख्या २०५९७ रहेको छ । यस नगरपालिकाको वडा नं ९ मा अन्य वडाको तुलनामा सबैभन्दा बढी जनसंख्या रहेको छ जसमा पुरुष र महिलाको जनसंख्या क्रमशः ३५७७ र ३४७३ रहेको छ र यसको कुल जनसंख्या ७०५० हुन आउछ । साथै यस नगरपालिकाको वडा नं ८ मा सबैभन्दा कम जनसंख्या रहेको छ । जसको कुल जनसंख्या ३३३८ रहेको छ जसमा पुरुष र महिलाको क्रमशः १६७१ र १६६७ रहेको छ । यसैगरी यस नगरपालिकाको कुल घरधुरी संख्या ८६४९ रहेको छ । यसमा सबैभन्दा बढि घरधुरी वडा नं ९ मा १४१० रहेको छ र सबैभन्दा कम वडा नं ८ मा ६९२ रहेको छ । तलको तालिकाबाट वडागत जनसंख्या लगायत घरपरिवार संख्या, पुरुष र महिला जनसंख्या सम्बन्धि विवरणलाई देखाईएकोछ ।

**तालिका नं.२.२ वडा अनूसार परिवार संख्या तथा जनसंख्याको विवरण**

| स्थलगत घरधुरी सर्वेक्षण (२०७४) | | | | |
|---|---|---|---|---|
| वडा नं | कुल जनसंख्या | पुरुष | महिला | घरधुरी संख्या |
| १ | ६१८५ | ३१२० | २०६५ | १२६० |
| २ | ४०८५ | २०५९ | २०२६ | ७६३ |
| ३ | ४८५६ | २४२९ | २४२७ | ९४५ |
| ४ | ३९५१ | १९८२ | १९६९ | ७५९ |
| ५ | ४२६३ | २१३४ | २१४५ | ८७३ |
| ६ | ४८४५ | २४६० | २४८५ | ९६९ |
| ७ | ४८२९ | २४८९ | २३४० | ९७८ |
| ८ | ३३३८ | १६७१ | १६६७ | ६९२ |
| ९ | ७०५० | ३५७७ | ३४७३ | १४१० |
| जम्मा | ४३४०२ | २१९२१ | २०५९७ | ८६४९ |

श्रोतः राष्ट्रिय जनगणना २०६८, राजपत्रमा प्रकाशित सुचना २०७४तथा घरधुरी सर्वेक्षण २०७४







## २.११ मौसमी पात्रो(Seasional Calender)

माडी नगरपालिकामा वसोवास गर्ने मानिसहरुको मुख्य पेशा भनेको कृषिनै हो । तसर्थ यस नगरपालिकामा वस्ने मानिसहरुले मौसम अनुसार कृषि पेशा गर्दै आएका छन । कृषि पेशा गर्ने कृषकहरुको अनुकुलताको लागि तलको मौसमी पात्रो तयार पारिएको छ जस्मा कामकाज, रितीरिवाज अनुसार मनाइने चाडपर्व लगायत अन्य कुरालाई देखाइएको छ ।

**तालिका नं. २.३ मौसमी पात्रो**

| विवरण | वैशाख | जेष्ठ | आषाढ | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **अन्नवाली लगाउने** | | | | | | | | | | | | |
| क) धान | | → | → | → | | | | | | | | |
| ख) गहू | | | | | | | → | → | | | | |
| ग) मकै | → | | | | | | | | | | | → |
| ३) कोदो | | | → | → | | | | | | | | |
| **अन्नवाली भित्र्याउने** | | | | | | | | | | | | |
| क) धान | | | | | | | → | → | | | | |
| ख) गहू | → | | | | | | | | | | | |
| ग) मकै | | | | → | → | | | | | | | |
| **रोगव्याधी** | | | | | | | | | | | | |
| क)मानिस | → | → | → | | | | | | | | | → |
| ख)पशूपंक्षी | → | → | | | | | | | | | → | → |
| **मूख्य चाडपर्व** | | | | | → | → | → | | | | → | → |
| **बनपैदावार संकलन** | | | | | | | | | → | → | → | |

स्रोत : समुह छलफल तथा स्थलगत सर्वेक्षण २०७४

## २.१२ सामाजिक परिचालन

आजको बदलिंदो युगमा समाज विकासका लागि एक व्यक्ति एक परिवारको सहभागिताले मात्र समाजले चाहे जस्तो विकासमा अघि बढ्न सकिदैन । एउटाको धारणासोचाई तथा विचार र धेरै जनाको विचारले निकालेको निर्णय पक्कै फरक पर्दछ । माडी नगरपालिकामा समाज विकासमा सहभागितामुलक पद्धतीवाट अघि बढे मात्रै स्वच्छ समाजको निर्माण हूने परिकल्पना गरि समूह गठन गरेर दिगो रुपमा अघि बढ्न विभिन्न गैरसरकारी संघसंस्था, अन्तराष्ट्रिय संघसंस्थाहरु सकृय रुपमा लागि काम गरिरहेका छन् ।

माडी नगरपालिकामासमूदायको समग्र विकासका लागि सामाजिक परिचालन मार्फत स्थानीय तथा अन्य संघसंस्थाहरु जस्तैनगर स्तरिय समन्वय समिति गठन, नगर स्तरिय अनुगमन तथा मूल्याकंन समिति गठन, नगर स्तरिय योजना तर्जुमा समिति गठन, नगर स्तरिय उद्योग वाणिज्य संघ गठन, नगरस्तरिय आदिवासी जनजाति, दलित, अपागं, मधेशी, मुस्लीम, पिछडावर्ग, महिला समन्वय समिति, मध्यवर्ती उपभोक्ता समितिहरु, क्याम्पस व्यवस्थापन समिति,स्थानिय विपद जोखिम व्यवस्थापन समिति,आमा समुह, युवा क्लब, समुह बचत तथा अन्य विभिन्न संघसंस्थाहरुले कार्यहरु गर्दै आइरहेका छन।

# परिच्छेद– तीन: जनसंख्या विवरण

## ३.१ जनसंख्याको विवरण




राज्य पुनसंरचना पश्चात घरधुरी सर्वेक्षण २०७४ अनुसार माडी नगरपालिकाको कुल जनसंख्या ४३४०२ रहेको छ । जसमध्ये पुरुषको संख्या २१९२१ (५५.२ प्रतिशत) र महिलाको संख्या २०५९७ (४४.८ प्रतिशत) रहेको देखिन्छ । यस न.पा.मा महिला भन्दा १३२४ जना पुरुषहरु बढी रहेका छन् । लैङिक अनुपात १०६ रहेको यस न.पा.मा औषत परिवार संख्या ५.२ रहेको छ ।यस नपाको जनघनत्व १९८.६१ ब.कि.मी रहेको छ।

यसैगरी माडी नगरपालिकाको सवैभन्दा वढी जनसंख्या तथा जनघनत्व भएको वडा ९ हो, जसमा पुरुष ३५७७ र महिला ३४७५ गरी जम्मा ७०५० रहेको पाइन्छ। यसैगरी सबैभन्दा कम जनसंख्या रहेको वडा ८ रहेको छ जसमा पुरुष १६७१ र महिला १६६७ गरी जम्मा ३३३८ जनसंख्या रहेको पाइन्छ। वडागत रुपमा औषत परिवार संख्या सम्बन्धमा अध्ययन गर्दा कुल औषत परिवार संख्या ५.२ रहेको छ र सबै वडाहरुको औषत परिवार संख्या मिल्न आउछ भने वडा नं ८ को भने सबैभन्दा कम ४.८ औषत परिवार संख्या रहेको छ। साथै यस नगरपालिकाको लैंगिक अनुपातलाई हेर्दा सबैभन्दा बढि अनुपात वडा नं १ मा १५१.९ रहेको छ भने कुल लैंगिक अनुपात १०६.४३ रहेको छ। वडागत रुपमा जनसंख्याको वितरणलाई तलको तालिका तथा स्तम्भचित्रमा देखाइएको छ।

**तालिका नं.३.१वडागत रुपमा जनसंख्याको विवरण**

| वडा नं | कुल जनसंख्या | पुरुष | महिला | घरधुरी संख्या | औषत परिवार संख्य | लैङ्गीक अनुपात |
|---|---|---|---|---|---|---|
| १ | ६१८५ | ३१२० | २०६५ | १२६० | ४.९१ | १५१.०९ |
| २ | ४०८५ | २०५९ | २०२६ | ७६३ | ५.३५ | १०१.६३ |
| ३ | ४८५६ | २४२९ | २४२७ | ९४५ | ५.१४ | १००.०८ |
| ४ | ३९५१ | १९८२ | १९६९ | ७५९ | ५.२१ | १००.६६ |
| ५ | ४२६३ | २१३४ | २१४५ | ८७३ | ४.८८ | ९९.४९ |
| ६ | ४८४५ | २४६० | २४८५ | ९६९ | ५.०० | ९८.९९ |
| ७ | ४८२९ | २४८९ | २३४० | ९७८ | ४.९४ | १०६.३७ |
| ८ | ३३३८ | १६७१ | १६६७ | ६९२ | ४.८२ | १००.२४ |
| ९ | ७०५० | ३५७७ | ३४७३ | १४१० | ५.०० | १०२.९९ |
| **जम्मा** | **४३४०२** | **२१९२१** | **२०५९७** | **८६४९** | **५.०२** | **१०६.४३** |

श्रोत: घरधुरी सर्वेक्षण २०७४

**डायग्राम नं.३.१ घरधुरी तथा जनसंख्याको विवरण**




## ३.२ उमेर समुहको आधारमा जनसंख्या विवरण

माडी नगरपालिकाको उमेरगत जनसंख्याको विवरणको पछिल्लो तथ्याङ्कलाई आधारमानी हेर्दा सवैभन्दा बढी संख्या २५ देखि २९ वर्षको उमेर समुहका मानिसहरु रहेका देखिन्छन । जसअनुसार महिलाको जनसंख्या २१२६ तथा पुरुषको जनसंख्या २२२२ गरी कूल जनसंख्या ४३४८ रहेको देखिन्छ । यसैगरी सवैभन्दा कम जनसंख्या १ बर्ष मुनिका बालबालिकाको रहेको छ जहाँ बालिका ४५६ र बालक ४४४ गरि जम्मा ९०० रहेको पाइन्छ भने ७५ बर्ष नाघेका बृद्ध बृद्धाको जम्मा जनसंख्या ११०९ रहेको छ । उमेर समुह तथा लिङ्ग अनुसार माडी नगरपालिकाको जनसंख्यालाई तलको तालिका तथा जनसंख्या पिरामिडमा देखाइएको छ ।

**तालिका नं. ३.२ उमेर समुह तथा लिङ्ग अनुसार जनसंख्या विवरण**

| सि.नं. | उमेर समूह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | १ वर्ष भन्दा मुनी | ४५६ | ४४४ | ९०० |
| २ | १ - २ वर्षसम्म | ५२४ | ४९१ | १०१५ |
| ३ | ३ - ५ वर्षसम्म | ९७३ | ८८६ | १८५९ |
| ४ | ६ - ७ वर्षसम्म | ७०९ | ६५६ | १३६५ |
| ५ | ८ - ९ वर्षसम्म | ८०० | ७२६ | १५२६ |
| ६ | १० - १४ वर्षसम्म | १७८९ | १७७३ | ३५६२ |
| ७ | १५ – १६ वर्षसम्म | ८०५ | ८३९ | १६४४ |
| ८ | १७ - १८ वर्षसम्म | ९३१ | ९८६ | १९१७ |
| ९ | १९ - २० वर्षसम्म | १०१० | ११०२ | २११२ |
| १० | २१ - २४ वर्षसम्म | १६९७ | १७८२ | ३४७९ |
| ११ | २५ - २९ वर्षसम्म | २१२६ | २२२२ | ४३४८ |
| १२ | ३० - ३४ वर्षसम्म | १९८० | १७४१ | ३७२१ |
| १३ | ३५ - ३९ वर्षसम्म | १५९९ | १५८१ | ३१८० |
| १४ | ४० - ४४ वर्षसम्म | १३४५ | १२२८ | २५७३ |
| १५ | ४५ - ४९ वर्षसम्म | १०८४ | ९७५ | २०५९ |
| १६ | ५० - ५४ वर्षसम्म | ९३० | ९६२ | १८९२ |
| १७ | ५५ - ५९ वर्षसम्म | ८४९ | ८६१ | १७१० |
| १८ | ६० - ६४ वर्षसम्म | ७५८ | ६८६ | १४४४ |
| १९ | ६५ - ६९ वर्षसम्म | ४९१ | ५५५ | १०४६ |
| २० | ७० - ७४ वर्षसम्म | ४८७ | ४७० | ९५७ |
| २१ | ७५ माथि | ५६३ | ५४६ | ११०९ |
| | जम्मा | २१८८८ | २१४९७ | ४३३८५ |

श्रोत: घरधुरी सर्वेक्षण २०७४

**पिरामिड नं. ३.२उमेर समुह तथा लिङ्ग अनुसारको जनसंख्या**




## ३.३ जातजाती अनुसार घरपरिवार सम्वन्धी विवरण

माडी नगरपालिका बसोवास गर्ने मानिसहरुको जातिगत विवरण तलको तालिकामा दिइएको छ । तालिकामा देखाईए अनुसार यस नपा मा ३७ प्रकारका जातजातिका मानिसहरु बसोवास गर्नें गरेका छन् । यहाँ बसोवास गर्ने प्रमुख जातिहरु ब्राह्मण,थारु, कामी, क्षेत्री,चेपागं, दमाई गुरुगं,तामाग, बोटे, मगर, सार्की तथा राई लगायतका रहेका छन् । जातजातीको दृष्टिकोणले हेर्दा ब्राह्मण,थारु, कामी, क्षेत्री, चेपागं। दमाई, गुरुगं तामागं को घरपरिवार संख्या क्रमशः २२७२,२०५२,८९१,६६३,४०६,३०५,२९० तथा २८० रहेको देखिन्छ भने सबैभन्दा कम जातजातीहरुमा काठबानिया, चमार, भोटे, कोइरी, हजाम तथा कायश्थ रहेका छन जसको परिवार संख्या क्रमश ३,३,३,२,२,२ रहेको छ । तलको तालिकामा यस सम्वन्धि विवरणलाई विस्तृत रुपमा देखाईएको छ ।

**तालिका नं. ३.३जातजाती अनुसार जनसंख्या सम्वन्धी विवरण**

| क्र.सं. | जातियता | घर परिवार संख्या |
|---|---|---|
| १ | व्राह्मण | २२७२ |
| २ | थारु | २०५२ |
| ३ | कामी | ८९१ |
| ४ | क्षेत्री | ६६३ |
| ५ | चेपाङ | ४०६ |
| ६ | दमाई | ३०५ |
| ७ | गुरुङ | २९० |
| ८ | तामाङ | २८० |
| ९ | वोटे | २६८ |

| | | |
|---|---|---|
| १० | मगर | २५५ |
| ११ | सार्की | २३५ |
| १२ | राई | १०१ |
| १३ | नेवार | ८२ |
| १४ | दोराई | ८० |
| १५ | दुरा | ५८ |
| १६ | घर्ति | ५४ |
| १७ | गाईने | ५३ |
| १८ | अन्य | ५० |
| १९ | मुसलमान | ४० |
| २० | सोनार | ३३ |
| २१ | ठकुरी | ३२ |
| २२ | कुमाल | ३१ |
| २३ | मल्लाह | २२ |
| २४ | सन्यासी | १९ |
| २५ | माझि | १७ |
| २६ | तेली | १६ |
| २७ | कलवार | ९ |
| २८ | कानु | ८ |
| २९ | यादव | ५ |
| ३० | कुर्मी | ५ |
| ३१ | काठवानिया | ३ |
| ३२ | चमार | ३ |
| ३३ | भोटे | ३ |
| ३४ | कोइरी | २ |
| ३५ | हजाम | २ |
| ३६ | कायस्थ | २ |
| ३७ | वादी | २ |
| **जम्मा** | | **८६४९** |

श्रोतः  घरधुरी सर्वेक्षण २०७४

## ३.४ मातृभाषाका आधारमा परिवार संख्याको विवरण

मातृभाषाका आधारमा हेर्दा माडी नगरपालिकामा नेपाली भाषा बोल्ने मानिसहरुको संख्या अत्याधिक मात्रामा रहेको देखिन्छ । यस नगरपालिकामा रहेको ४३४०२ जम्मा जनसंख्या मध्ये २३७५९जनसंख्या(कूल जनसंख्याको ६० प्रतिशत भन्दा बढि) ले नेपाली भाषा बोल्ने गरेको पाइएको छ । बिशेषत ब्राह्मण तथा कामि, दमाई तथा क्षेत्रि समुदायको बाहुल्यता रहेको यस नगरपालिकामा नेपाली तथा थारु भाषाको नै बाहुल्यता रहेको देखिन्छ । यस पछि थारु, चेपागं, तामाङ, भोजपुरी, मगर, भाषा बोल्ने मानिसहरुको संख्या क्रमशः १०२६०, १८२३, १४००, ९६९, ३७३ रहेको छ । मातृभाषाका आधारमा नगरपालिका भित्र रहेको जनसंख्याको वितरणलाई तलको तालिकामा देखाईएको छ ।

**तालिका नं. ३.४मातृभाषा अनुसार परिवार संख्याको विवरण**

| क्र.सं. | मातृभाषा | संख्या |
|---|---|---|
| १ | नेपाली | २५७९५ |
| २ | थारु | १०२६० |
| ३ | तामाङ | १४०० |
| ४ | भोजपुरी | ९६९ |
| ५ | नेवार | ४१० |
| ६ | मगर | ३७३ |
| ७ | गुरुङ | ७१३ |
| ८ | दराई | २७९ |
| ९ | बोटे | ८६९ |
| १० | चेपाङ | १८२३ |
| ११ | राई | ३०५ |
| १२ | मैथली | ५० |
| १३ | हिन्दी | ३२ |
| १४ | अन्य | १२४ |
| जम्मा | | ४३४०२ |

श्रोतः घरधुरी सर्वेक्षण २०७४

**डायग्राम नं. ३.४ मातृभाषा अनुसार परिवार संख्याको विवरण**




## ३.५ मुख्य धर्म

यस माडी नगरपालकामा बसोवास गर्ने मानिसहरुको मुख्य धर्म हिन्दु र वौद्ध नै रहेको छ। यहाँका मुख्य बासिन्दा हरु ब्राह्मण, थारु कामी दमाई तामागं चेपागं, तथा क्षेत्रि हुनाले जनसंख्याको अधिकांश समुहले हिन्दु धर्म मान्ने गरेको पाइन्छ। धर्मका आधारमा यहाँको जनसंख्याको अवस्था तलको तालीकामा दिइएको छ।

**तालीका नं.३.५ मुख्य धर्म**

| क्र.स | धर्म | घरपरिवार संख्या |
|---|---|---|
| १ | हिन्दु | ७८७० |
| २ | वौद्ध | ४१६ |
| ३ | मुस्लिम | ४१ |
| ४ | क्रिश्चीयन | ३०६ |
| ५ | अन्य | १६ |
| | जम्मा | ८६४९ |

## डायग्राम नं.३.५ मुख्य धर्म




## ३.६ अनुपस्थित जनसंख्याको आधारमा घरपरिवार संख्या

माडी नगरपालिकामा बसोबास गर्ने २०५९७ महिला र २१९२१ पुरुष गरि जम्मा ४३४०२ जनसंख्यामा महिला ४३२ र पुरुष ३९६१ गरि जम्मा ४३९३ जनसंख्या अनुपस्थित रहेको देखिन्छ । त्यसै गरि न.पा. मा रहेका ८६४९ घरधुरी मध्ये ३३७६ घरपरिवार संख्या अनुपस्थित रहेको देखिएको छ यस्को प्रमुख कारण बसाँईसराइका साथसाथै विदेश पलायन दर बढि मात्रामा रहेको पाइएको छ २०६८ को जनगणना अनुसार माडी नगरपालिकामा अधिकांश अनुपस्थित घरपरिबार संख्या र अनुपस्थित जनसंख्याको बिवरणलाई तलको तालिका तथा चार्टमा स्पष्ट पारिएको छ ।

**तालिका नं ३.६ अनुपस्थित जनसंख्याको आधारमा घरपरिवार संख्या**

| क.सं. | घरपरिवार संख्या | अनुपस्थित घरपरिवार | अनुपस्थित जनसंख्या | | |
|---|---|---|---|---|---|
| | | | जम्मा | महिला | पुरुष |
| १ | ८६४९ | ३३७६ | ४३९३ | ४३२ | ३९६१ |

श्रोत: राष्ट्रिय जनगणना २०६८ तथा स्थलगत सर्वेक्षण २०७४

**चार्ट नं. ३.४ अनुपस्थित जनसंख्याको आधारमा घरपरिवार संख्या**




## ३.७ बसाई सराई

असल जीवन प्राप्तिका लागी चुलो नै सारेर एक ठाँउबाट अर्को ठाँउमा जाने भौगोलिक गतिशिलतालाई बसाँइ सराँइ भनिन्छ । यस प्रक्रियाले सामाजिक व्यबहार, सम्बन्ध तथा बिचारहरुमा समेत थुप्रै परिवर्तन ल्याँउदछ । बसाँईसराँइले सामाजिक साँस्कृतिक परिवर्तनमा थप उर्जा प्रदान गर्दछ । सामाजिक,आर्थिक, राजनीतिक, भौगोलिक आदि थुप्रै कारणहरुले गर्दा मानिस आफु बसिरहेको स्थन छोडेर गन्तव्य स्थानमा जान्छ । गाँउबाट शहर, गाँउबाट गाँउ, हिमाल र पहाडबाट तराई बसाई सराँइ गर्ने पद्धतिले समाजमा परिवर्तन ल्याएको छ । यसै सन्दर्भमा यस नगरपालिकामा हालसाल बसाइँ सरेर आउने मानिसहरुको संख्या १५० रहेको पाइन्छ भने बसाई सरी जानेको संख्या २३० रहेको छ यसबाट माडी नगरपालिकामा बसाईसरी जानेको संख्या भन्दा बसाईसरी आउनेको संख्या कम देखिन आएको छ । प्रशासनिक रुपमा वसाई तथा सराइ गर्दा सम्वन्धित ठाँउमा गई दर्ता गराउने संख्या १३० रहेको छ । प्राप्त तथ्यांक तथा अध्ययनको आधारमा प्राप्त बिवरणलाई तलको तालिकामा तथा पाईचार्टमा प्रस्तुत गरिएको छ ।



**तालिका नं. ३.६बसाई सराईको अवस्था**

| सि.नं. | वसाई सराई | परिवार संख्या |
|---|---|---|
| १ | आएको | १५० |
| २ | गएको | २३० |
| ३ | बसाइसराई दर्ता गराउनेको संख्या | १३० |
| | | ५१० |

श्रोत: माडी नगरपालिका, स्थलगत सर्वेक्षण २०७४

**पाईचार्ट ३.५बसाई सराईको अवस्था**




## ३.८ पञ्जिकरणको विवरण

पञ्जिकरण तर्फ vital eventsवा जीवनसंग सम्बन्धित घटनाहरुको दर्ता गर्ने गरिन्छ । जसमा सम्बन्धित क्षेत्रमा एक निश्चित दिनहरुमा हुने र भएको कुनै जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्ध बिच्छेद जस्ता घटनाहरुको लगत राखिँदै गईन्छ । विकसित देशहरुमा यो प्रकृयालाई अनिवार्य रुपमा लागु गरेको र

जनताहरुले पनि सहजै दर्ता गराउने गरेको पाइन्छ तर हाम्रो जस्तो अविकसित देशमा यो प्रणलीलाई त्यति गहिरो रुपमा लिएको देखिँदैन । यसै सन्र्दभमा माडी नगरपालिकामा वि.स. २०७३ सालमा जन्म दर्ता गराउनेको संख्या १२३८ जनाको भएको पाइयो भने मृत्यु दर्ता१९२ जनाको गराएको देखिन्छ । त्यसैगरीसम्बन्ध विच्छेद तर्फ दर्ता ३ जोडीको भएको पाइयो । विवाह दर्ता तर्फ जम्मा ५६२ जोडीको र बसाई सराई दर्ता जम्मा १३० जनाको भएको पाइयो । माडी नगरपालिकामा गरिएको अध्ययनबाट प्राप्त तथ्यांक अनुसार पञ्जिकरणको विवरणलाई तलको तालिकामा प्रष्ट पारिएको छ ।

**तालिका नं.३.८ पञ्जिकरणको विवरण**

| विवरण | जन्म दर्ता | मृत्यु दर्ता | सम्बन्ध विच्छेद | विवाह दर्ता | | | बसाई सराई दर्ता | |
|---|---|---|---|---|---|---|---|---|
| **जम्मा** | १२३८ | १९२ | ३ | ५६२ | | | १३० | |
| **पुरुष** | ६४८ | १३० | - | **३५ दिन भित्र** | **१ वर्ष भित्र** | **१ वर्ष बढि** | **गएको** | **आएको** |
| **महिला** | ५९० | ६२ | - | ८४ | १०६ | ३७२ | २३० | १५० |

श्रोत: माडी नगरपालिका २०७४

**चार्ट नं.३.६ पञ्जिकरणको विवरण**




## ३.९ सामाजिक सुरक्षा विवरण

माडी नगरपालिका अर्न्तगत सामाजिक सुरक्षा भत्ता सेवा प्राप्त गर्दै आएका विभिन्न वडाका जम्मा ३०९२ जना रहेका छन् भने यसमा ३६३ जना नयाँ थप गरेर कुल ३४५५ जना रहेका छन् । सामाजिक सुरक्षा प्राप्त गर्ने व्यक्तिहरुको बैंकमा पठाइएको नामावली जम्मा ३१८२ जनाको रहेको छ । यस नगरपालिकाको वडा नं १ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दै आएका सबैभन्दा बढि संख्या कुल ५२५ जना रहेको पाइयो भने यस वडामा ५२ जना नयाँ थप भएर जम्मा ५७७ रहेको पाइयो । यस्तै वडा नं ४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दै आएका सबैभन्दा कम २६२ जना रहेका छन् र २४ जना नयाँ थप गरेर जम्मा २८६ जना रहेका छन् । माडी नगरपालिकाको सामाजिक सुरक्षा भत्ताका सम्बन्धमा तलको तालिकाबाट विस्तृत जानकारी पाउन सकिन्छ ।

**तालिका न.३.८सामाजिक सुरक्षा विवरण**

| वार्ड नं. | खाइपाइ | नयाँ थप | जम्मा | बैंकमा पठाइएको नामावली |
|---|---|---|---|---|
| १ | ५२५ | ५२ | ५७७ | ७५३ |
| २ | २७१ | २४ | २९५ | |

| | | | | |
|---|---|---|---|---|
| ३ | २५६ | ५१ | ३०७ | |
| ४ | २६२ | २४ | २८६ | |
| ५ | ३२१ | ४१ | ३६२ | ८८२ |
| ६ | ४२४ | ५९ | ४८३ | |
| ७ | ४१६ | ३३ | ४४९ | ६६६ |
| ८ | २७२ | २६ | २९८ | |
| ९ | ३४५ | ५३ | ३९८ | ८८१ |
| **जम्मा** | **३०९२** | **३६३** | **३४५५** | **३१८२** |

श्रोतः माडी नगरपालिका २०७४

## ३.१० जेष्ठ नागरिक तथा एकल महिलाहरुको विवरण



मानव बिकास प्रतिबेदनमा ६० बर्ष माथिको जनसंख्यालाई जेष्ठ नागरिकको रुपमा गणना गरिएको भएतापनि नेपाल सरकारले ६५ बर्षभन्दा माथिका उमेरलाई जेष्ठ नागरिकको रुपमा मानि जेष्ठ नागरिक भत्ता समेत उपलब्ध गराउदै आएको छ । नेपालको सन्दर्भमा कुल जेष्ठ नागरिकहरुको विश्लेषण गर्दा बृद्धबृद्धा तथा आश्रित जनसंख्या १३.६९ प्रतिशत देखिन्छ यसै बिषयलाई यस नगरपालिकासँग तुलनात्मक रुपमा हेर्दा ज्यादै न्युन अवस्थामा ६५ बर्ष माथिका महिला तथा पुरुषको बसोबास रहेको देखिन्छ । पुरुषहरुले बिधुर पश्चात तुरुन्तै अर्को बिबाह गर्ने हुनाले एकल पुरुषको तुलनामा एकल महिलाको संख्या बढी नै रहेको पाइन्छ । हाल कार्यालयले असाहाय बिधुवाहरुलाई सामाजिक सुरक्षा अर्न्तगत भत्ता पनि उपलब्ध गराउदै आएको पाइन्छ । माडी नगरपालिकामा रहेका जेष्ठ नागरिक तथा एकल महिलाहरुको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।




**तालिका नं.३.९ जेष्ठ नागरिक तथा एकल महिलाहरुको विवरण**

| क. सं. | जेष्ठ नागरिक (७० वर्ष भन्दा माथि | | | जेष्ठ दलित | | | एकल महिला | लोपोन्मुख जाती | जम्मा पूर्ण अपांग | | | जम्मा आंसिक अपांग | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | ८४८ | ८४१ | १६८९ | १७५ | १८५ | ३६० | ९५६ | | १३ | २३ | ३६ | ५४ | ८० | १३६ |

श्रोतः माडी नगरपालिका २०७४

## ३.११ अपांगताको आधारमा जनसंख्या(Population by disability)

अपाङ्गता सम्बन्धि अवस्था पहिचानको लागि शारिरीक,दृष्टि बिहिन /कम दृष्टि भएका,बहिरा/ कम सुन्ने, दृष्टि बिहिन तथा बहिरा, बोल्न गाह्रे भएका, मानसिक अपांग, बौद्धिक रुपमा असक्त, बिविध अपांगता भएका पर्दछन ।घरपरिवार र समुदायमा हुने गरेका हिंसा, आमा बाबु र अभिभावकको मृत्यु, कुपोषण, गरिवी,

अशिक्षा, अज्ञानता तथा चेतनाको कमी, वालश्रमको बोझ, मानसिक असन्तुलन आदिका कारण वालवालिकाहरु सानो छँदा मात्र होइन ठुलो भए पछि पनि उनीहरुको मनोविज्ञानमा गहिरो असर परेको हुन्छ । यसै सन्दर्भ हाम्रो देश लगाएत क्षेत्र, जिल्ला र स्थानिय स्तरमा वसेका अधिकांश वालवालिकाहरु गरिवी, विपन्नता र अभावका विचमा बाँचिरहेका छन् ।उल्लेखित सुचकहरुको आधारमा हेर्दा माडी नगरपालिकामा रहेका जम्मा जनसंख्या ४३४०२ मध्ये १५४१ जना अपाङ्गता भएका मानिसहरु फेला परेका छन जसमा शारिरिक अपागं पुरुष ७९५ र महिला ७४६ गरी जम्मा १५४१ जना  छन । त्यसैगरी दृष्टि विहिन पुरुष ,महिलाको जनसंख्या १७१,२०७ रहेको पाइन्छ भने वोल्न गाह्रे भएको महिला तथा पुरुषको संख्या क्रमशः १५७ , १४३ छ । तलको तालिका तथा चार्टमा अपांगताको सम्बन्धी जनसंख्याको बिबरणलाई बिस्तृत रुपमा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३.१० अपांगताको  आधारमा जनसंख्या**

| लिंग | जम्मा जनसंख्या | सपाङ जनसंख्या | अपांगताका आधारमा जनसंख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सारिरिक अपांग वा विकलाङ्ग | दृष्टि बिहिन /न्यून दृष्टिविहिन | स्वर वोलाइ वा वोल्न नसक्ने | सुस्त श्रवण | वौद्धिक अपांग सुस्त मनस्थिति | श्रवण दृष्टिविहिन | मानसिक अपाङ | विविध अपाङ |
| **जम्मा** | ४३४०२ | ४१८६१ | ४३१ | ३७८ | ३०० | ३६ | ५७ | १६१ | ८७ | ९१ |
| पुरुष | २१९२१ | २११६२ | २५० | १७१ | १४३ | १५ | ३४ | ८३ | ४३ | ५६ |
| महिला | २०५९७ | १९८५१ | १८१ | २०७ | १५७ | २१ | २३ | ७८ | ४४ | ३५ |

श्रोतः स्थलगत  तथा घरधुरी सर्वेक्षण २०७४

**डायग्राम ३.७अपांगताको  आधारमा जनसंख्या**




## ३.१२ अपाङता विवरण

माडी नगरपालिकामा रहेका कुल अपांग जनसंख्या मध्ये १७२ जनाले अपाङ्गताको परिचय पत्र लिएका छन । जसमा महिला अपाङ्गको संख्या ६७ र वालक अपाङ्गको संख्या १०३ जना रहेका छन । अपाङ्गता परिचय पत्रको किसिमको आधारमा विवरण हेर्ने हो भने सवैभन्दा धरै पूर्ण अशक्त अपाङ्गता (रातो रंगको) परिचय पत्र लिएको संख्या देखिन्छ । यो संख्या महिलाको १३ तथा पुरुषको २३ गरी जम्मा ३६ जना रहेका छन । यस्तै मध्यम अपाङ्गता परिचय पत्र (पहेलोरंगको) विवरणलाई हेर्दा जम्मा १३६ जना  रहेका छन । जसमध्ये महिलाको संख्या ५४ छ भने पुरुषको संख्या ८० रहेको छ । तलको तालिकामा अपाङ्गता परिचय पत्र लिएका जनसंख्याको विवरणलाई स्पष्ट पारिएको छ ।

**तालिका नं.३.११ अपाङता परिचय लिएका जनसंख्याको विवरण**

| अपाङ्गता परिचय पत्रको किसिम | परिचयपत्र लिएकाको संख्या | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |

| | | | |
|---|---|---|---|
| पूर्ण अशक्त अपाङ्गता (रातो रंगको) | १३ | २३ | ३६ |
| मध्यम अपाङ्गता (पहेलो रंगको) | ५४ | ८० | १३६ |
| **जम्मा** | **६७** | **१०३** | **१७२** |

श्रोत:स्थलगत तथा घरधुरी सर्वेक्षण २०७४

# परिच्छेद चारः सामाजिक विकास

## ४.१. स्वास्थ्य सेवा




हाल नेपाल सरकारले स्थानीय तहमा यथाशक्य नगरपालिकाको प्रत्येक वडा भित्र एउटा स्वास्थ्य चौकी स्थापना गर्ने निर्णय गरेपछि देशका विभिन्न भागहरुमा स्वास्थ्य चौकी तथा अस्पतालहरु बन्न लागेका देखिन्छन् । यसैगरी यस माडी नगरपालिकामा पनि स्वास्थ्य चौकीहरु स्थापना हुने क्रममा छन् । यस नगरपालिका भित्र वस्ने अधिकांश घरपरिवारहरुले बिरामी हुंदा स्वास्थ्य चौकी  सेवामा निर्भर रहेका हुन्छन भने केहि मात्रामा चितवन स्थित सरकारी अस्पतालमा तथा निजि क्लिनीकमा जाने गरेको पनि देखिन्छ ।

अज्ञानताको कारण लामा झाँक्री तथा फुकफाक गर्ने चलन पनि रहेको छ भने केही परिवारहरु कही पनि नगई आफै ठिक हुन्छ भनि वस्ने गरेको पनि पाईएको छ । स्वास्थ्य सेवा तथा सुविधालाई ध्यानमा राखि माडी नगरपालिकामा रहेका विभिन्न स्वास्थ्यकेन्द्र तथा सेवाहरुलाई तलको तालिकामा प्रष्ट्याइएको छ ।

**तालिका नं. ४.१ विद्यमान स्वास्थ्य सेवा सम्वन्धी विवरण**

| क्र.स | स्वास्थ्य सेवा | संख्या |
|---|---|---|
| १ | आर्युर्वेदीक औषधालय | १ |
| २ | स्वास्थ्य चौकी | ४ |
| ३ | नगर स्वास्थ्य केन्द्र | ३ |
| ४ | सरकारी अस्पताल | १ |
| ५ | नीजि क्लिनिक | २१ |
| ६ | नीजि अस्पताल | १ |
| ७ | चिकित्सक संख्या | ३ |
| ८ | बर्थिङ्ग सेन्टर | ३ |
| ९ | महिला स्वयम सेविका संख्या | ३८ |
| १० | टि.बी. उपचार केन्द्र | ५ |

श्रोत: स्थलगत सर्वेक्षण २०७४

## ४.२ स्वास्थ्य सेवा पहुंचको अवस्था

माडी नगरपालिका भित्र रहेका स्वास्थ्य चौकीबाट स्थानीय मानिसहरुलाई स्वास्थ्य सम्बन्धी सुविधा सन्तोषजनक अवस्थामा सेबा पुग्न सकेको छैन । यस नगरपालिकामा रहेको स्वास्थ्य चौकीहरुमा जाने मानिसहरुलाई १५ मिनेट देखि करिव १ घण्टा ३० मिनेट सम्म लाग्ने गरेको देखिन्छ । अर्को तर्फ अज्ञानता, पुरातनवादी सोंच, गरिवी, चेतनाको कमीले गर्दा मानिस अन्धविश्वासमा नै रुमालिएको अबस्था पाइन्छ । यस न.पा.मा बसोवास गर्ने परिवारहरुले आकस्मिक सेबाका लागि नजिकैका स्वास्थ्य चौकि तथा केन्द्रहरुबाट सेबा प्राप्त गरिरहेका छन् भने गम्भिर समस्याका लागि चितवन तथा राजधानीमा नै आउने गरेको पाइन्छ ।माडी नगरपालिका भित्र रहेका स्वास्थ्य केन्द्रको विबरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं ४.२ स्वास्थ्य केन्द्रको विबरण**

| क.स | स्थान | केन्द्र |
|---|---|---|
| १ | गर्दी | बरुवा |
| २ | अयोध्यापुरी | खरकट्टा |
| ३ | माडी कल्याणपुर | कल्याणपुर |
| ४ | बघौडा | बसन्तपुर |
| ५ | नगर स्वास्थ्य क्लिनिक | स्याउलीबास वडा नं. ६ |
| ६ | नगर स्वास्थ्य क्लिनिक | राधापुर वडा नं. ५ |
| ७ | नगर स्वास्थ्य क्लिनिक | कृष्णनगर वडा नं. ९ |
| ८ | नगर स्वास्थ्य क्लिनिक | शितलपुर वडा नं. २ |
| ९ | सामुदायिक स्वास्थ्य केन्द्र | बाँदरझुला वडा नं. ९ |

श्रोतः माडी नगरपालिका तथा स्थलगत सर्वेक्षण २०७४

## ४.३ रोगको प्रकार र अवस्था

माडी नगरपालिकाका मानिसहरुविरामी हुंदा देखिने मुख्य रोग मध्ये सबै भन्दा बढि हाडजोर्नी तथा अत्याधिक धुम्रपान सेवनको कारणले फोक्सोको समस्या, सुघर, प्रेसर, झाडाबान्ता,जन्डिसको तथा दीर्घकालिन जस्ता रोगहरु देखिएका छन। त्यसैगरि अन्य रोगहरुमा ग्याष्ट्रिक, निमोनिया, रुगाखोकी आखा दुख्ने, एलर्जी, कमलपित्त,दम,ARI/lower resoerutt TI, टन्सील, आँउतथा ज्वरोको कारण विरामी हुनेको संख्या पनि बढि नै रहेको देखिन्छ । झाडापखालाको कारण बढि विरामी हुनुमा स्वास्थ्य खानपानको अभाव, स्वच्छ खानेपानीको अभाव, धुलो धुँवा प्रदुषण लगायत बिभिन्न प्रकारका प्रदुषणहरु,अज्ञानता, चेतनाको कमी लगायतका कारणहरु रहेका छन ।

## ४.४ दीर्घ रोगीहरुको अवस्था

माडी नगरपालिकामा गरिएको स्थलगत सर्भेक्षण तथा नगरपालिकावाट प्राप्त तथ्यांक अनुसार यस नगरपालिकामा देखिएको दीर्घ रोगीहरुको तथ्यांक तथा अवस्थालाई हेर्दा सवैभन्दा बढि दीर्घ रोगीहरु दम रोगवाट पिडित रहेको देखिन्छ भने चिनी रोगवाट पिडित हुनेको संख्या पनि दोश्रो स्थानमा रहेको छ । माडी नगरपालिकामा रहेका मानिसहरुमा प्राय चिनी रोगको शिकार भएका छन भने दमबाट पनि अधिकांश मानिसहरु पिडित रहेको अध्ययनले देखाएको छ । त्यसैगरि क्षयरोग तथा हाडजोर्नीको समस्याबाट पनि अधिकांश मानिसहरु पिडित भएका छन ।




## ४.५ खोप सम्वन्धी विवरण

माडी नगरपालिकामा ५ वर्ष भन्दा कम उमेरका वालवालिकाको संख्या वालक १८२१ र वालिका १९५३ गरि जम्मा ३७७४ जना रहेका छन । खोप सम्वन्धि नगरपालिकामा गरिएको अध्ययनले देखाए अनुसार जम्मा वालवालिका ३७७४ रहेको यस नपामा १०० प्रतिशत खोपको मात्रा लिएको देखिन्छ । साथै यस नगरपालिकालाई पुर्ण खोप प्राप्त क्षेत्र पनि घोषणा गरिएको छ ।



सहश्राब्दी विकास लक्ष्य (Millennium Development Goals) अर्न्तगतको चौथो बुँदामा वाल मृत्युदर न्युनीकरण अर्न्तगत ५ वर्ष मुनिका सवै वालवालिकालाई उच्च प्राथमिकता दिई अकाल मृत्युवाट जोगाउनु पर्ने र सवै वालवालिका र शिशुहरुको बाँच्न पाउने अधिकारका लागि सहकार्य गर्दै समयमा नै आवश्यक मात्रामा खोप दिनु पर्ने कार्यलाई पनि जोड दिएको छ । त्यसैगरि सहस्राब्दी विकास लक्ष्यले वालवालिका विकासका लागि लिएको लक्ष्य तथा गन्तब्य (लक्ष्य ४: गन्तव्य ५: सन् १९९० को तुलनामा सन् २०१५ सम्ममा पाँच वर्ष मुनिका बालबालिकाको मृत्युदर दुई तिहाइले कम भएको हुनेछ ।जसको फलस्वरुप हाम्रो देशले पनि आफ्नो केन्द्र देखि स्थानिय स्तरसम्म केहि हद सम्म यसको कार्यान्वयन गरेको देखिन्छ तर पुर्ण रुपमा सन्तोष गर्ने स्थिती भने रहेकोछैन । यस अवस्थासंग माडी नगरपालिकाको अवस्थालाई तुलना गर्दा वालवालिकाले पाउनु पर्ने खोप सम्वन्धि सुविधाको अवस्था अत्यन्त राम्रो देखिन्छ ।

## ४.६ कुपोषणको अवस्था



यस माडी नगरपालिकामा रहेका अधिकांस घरपरीवार लाई बालअधिकार को बारेका जानकारी छैन । गाँस, बास र कपास मानीसको नैसर्गीक अधिकार हो तथ्यांक ले देखाए अनुसार यस नगरपालिकामा ० देखि ५ बर्ष उमेर समुहका बालबालिकाको संख्या ३७७४ रहेका छ जम्मा १९५३ बालिका तथा १८२१ वालक रहेका छन् ति मध्ये ३७० जना जस्मा वालक २०७ र वालिका १६३ जना कम तौल भएका छन् । यस नगरपालिकामा कुपोषण तथा कम तौल भएका बालबालिकाको कुल जनसंख्या ३७० रहेको छ कुल जनसंख्याको ८.६९ प्रतिशत जनसंख्या ० देखि ५ बर्ष उमेर समुहका बालबालिकाको रहेको छ भने कुल जनसंख्याको ०.८५ जनसंख्या कुपोषणको शिकार भएका छन । यस्को बिवरणलाइ तलको तालिका तथा चार्टमा प्रस्तुत गरीएको छ ।



**तालिका नं. ६.३ कुपोषणको अवस्था**

| क्र.स | लिगं | ० देखि ५ बर्ष उमेर समुहका बालबालिकाको संख्या | कुपोषणको शिकार भएका बालबालिकाको संख्या |
|---|---|---|---|
| १ | वालक | १८२१ | २०७ |
| २ | वालिका | १९५३ | १६३ |
| | **जम्मा** | **३७७४** | **३७०** |

## ४.७ शैक्षिक अवस्थाः




सहस्राब्दी विकास लक्ष्यले वालवालिका विकासका लागि लिएको लक्ष्य तथा गन्तब्य ( लक्ष्य २ः गन्तव्य ३ः सन् २०१५ सम्ममा सबैले प्राथमिक शिक्षा पाएका हुनेछन् । लक्ष्य ३ः गन्तव्य ४ः सन् २०१५ सम्ममा शिक्षाका सवै तहमा लैङ्गिक विभेद अन्त्य भएको हुनेछ । त्यसैगरि नेपाल सरकारले पनि सवै नेपालीलाई कम्तीमा साक्षर बनाउने नीति तथा रणनीति लिएको छ । नेपाल सरकार लगायत अन्तराष्ट्रिय समुदायले समेत शिक्षा प्रति लिएको चासोलाई मनन गर्दै अगाडी बढनु पर्ने देखिन्छ । यसै सर्न्दभमा नेपालको कुल साक्षरता ६५.९ प्रतिशत रहेकोमा माडी नगरपालिकाको साक्षरता ७०.०७ प्रतिशत (महिला साक्षरता ६३.८प्रतिशत र पुरुष साक्षरता ७७.४ प्रतिशत) साक्षरतालाई आगामी दिनहरुमा द्रुतगतिमा अगाडी बढाउनका लागि सरोकारवाला निकायहरुसंग समन्वय गरि शिक्षा सम्वन्धि योजना तथा कार्यक्रमहरु संचालन गर्नुपर्ने नगरपालिकाको आवश्यकता रहेको छ । साविकको जिल्ला शिक्षा कार्यालय, चितवन र निर्वाचित प्रतिनीधिहरुसंगको अन्तरकृया र स्थलगत सर्भेक्षणका अनुसार यस नगरपालिकामा रहेका विद्यालयहरुको विवरणलाई तलको तालिकामा देखाईएको छ ।

**तालिकाःनं.४.२ नगरपालिकामा रहेका शैक्षिक संस्थाहरु सम्बन्धि विवरण**

| क्र.स | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | जनजीवन उ.मा.वि | अयोध्यापुरी |
| २ | कृष्णनगर मा.वि | अयोध्यापुरी |
| ३ | जगन्नाथपुरी नि.मा.वि | अयोध्यापुरी |
| ४ | शान्तिपुरी रा.प्रा.वि | अयोध्यापुरी |
| ५ | गोविन्द बस्ती रा.नि.मा.वि | अयोध्यापुरी |
| ६ | दिवानगर रा.प्रा.वि | अयोध्यापुरी |
| ७ | दक्षिण अयोध्यापुरी रा.प्रा.वि | अयोध्यापुरी |
| ८ | जीवनपुर रा.प्रा.वि | अयोध्यापुरी |
| ९ | गणेशकुञ्ज रा.प्रा.वि | अयोध्यापुरी |
| १० | दक्षिणकाली रा.प्रा.वि | अयोध्यापुरी |
| ११ | बालकल्याण रा.प्रा.वि | अयोध्यापुरी |
| १२ | कुसुमेखोला रा.प्रा.वि | अयोध्यापुरी |

| क्र.स | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १३ | जन जागृती प्रा.वि | अयोध्यापुरी |
| १४ | बाँदरभ्रुला नि.मा.वि | अयोध्यापुरी |
| १५ | रा.प्रा.वि देवेन्द्रपुर | अयोध्यापुरी |
| १६ | कान्तिपुर रा.प्रा.वि | अयोध्यापुरी |
| १७ | रा.प्रा.वि इन्द्रवस्ती | अयोध्यापुरी |
| १८ | रा.प्रा.वि राईटोल | अयोध्यापुरी |
| १९ | रा.प्रा.वि भालुखोला | अयोध्यापुरी |
| २० | रा.प्रा.वि सिरुदमार | अयोध्यापुरी |
| २१ | जनकल्याण मा.वि | कल्याणपुर |
| २२ | हरिनगर नि.मा.वि | कल्याणपुर |
| २३ | किर्तनपुर रा.प्रा.वि | कल्याणपुर |
| २४ | नवदुर्गा रा.प्रा.वि | कल्याणपुर |
| २५ | शिशुकल्याण रा.प्रा.वि | कल्याणपुर |
| २६ | रामराज्यपुर रा.प्रा.वि | कल्याणपुर |
| २७ | वीरेन्द्र रा.प्रा.वि | कल्याणपुर |
| २८ | जनज्योति रा.प्रा.वि | कल्याणपुर |
| २९ | नि.मा.वि स्याउलीवास | कल्याणपुर |
| ३० | रा.प्रा.वि बसन्तपुर | कल्याणपुर |
| ३१ | रा.प्रा.वि लक्ष्मी निवास | कल्याणपुर |
| ३२ | रा.प्रा.वि गौरीनगर | कल्याणपुर |
| ३३ | रा.प्रा.वि राधापुर | बघौडा |
| ३४ | माडी मा.वि | बघौडा |
| ३५ | रा.प्रा.वि सिधुवा | बघौडा |
| ३६ | खैरहनी मा.वि | बघौडा |
| ३७ | रमाइलो डाँडा नि.मा.वि | बघौडा |
| ३८ | ब्रह्मपुरी नि.मा.वि | बघौडा |
| ३९ | कालिका रा.प्रा.वि | बघौडा |
| ४० | रतनी धोवहा रा.प्रा.वि | बघौडा |
| ४१ | सितलपुर रा.प्रा.वि | बघौडा |
| ४२ | बघौडा रा.प्रा.वि | बघौडा |
| ४३ | सिमरा रा.प्रा.वि | बघौडा |
| ४४ | माडी बहुमुखी क्याम्पस | बघौडा |
| ४५ | सोमेश्वर उ.मा.वि | गर्दी |
| ४६ | भैरवपुर नि.मा.वि | गर्दी |
| ४७ | गर्दी रा.प्रा.वि | गर्दी |
| ४८ | देविस्थान रा.प्रा.वि | गर्दी |
| ४९ | रतनपुर रा.प्रा.वि | गर्दी |
| ५० | इमिलिया रा.प्रा.वि | गर्दी |
| ५१ | पाण्डवनगर रा.प्रा.वि | गर्दी |
| ५२ | जीवनपुर रा.प्रा.वि | गर्दी |
| ५३ | सिम्रहनी रा.प्रा.वि | गर्दी |
| ५४ | शिखारीपुर रा.प्रा.वि | गर्दी |
| ५५ | केदारेश्वर रा.प्रा.वि | गर्दी |

| क.स | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| ५६ | रा.प्रा.वि सेरुवा | गर्दी |
| ५७ | रा.प्रा.वि चैनपुर | गर्दी |

श्रोतः माडी नगरपालिका, माडी चिनारी पुस्तिका तथा स्थलगत सर्वेक्षण २०७४

*सामुदायिक तथा निजी शैक्षिक संस्थाको विवरण :*

- सामुदायिक तर्फ : कलेज १, उच्च मा.वि २, मा.वि ४, नि.मा.वि.८, प्रा.वि.४२ जम्मा- ५७
- निजितर्फ :मा.वि १., नि.मा.वि. प्रा.वि ४
- गुठी अन्तर्गत संचालित – १

## ४.८ शैक्षिक अवस्था विवरण

नेपाल सरकारको लक्ष्य तथा राष्ट्रिय रणनिति अनुसार स्वास्थ्य र शिक्षा क्षेत्रमा सबैलाई समानरुपमा पहुँच पुचाउने लक्ष्य रहेको छ । देशबाट निरक्षरता उन्मुलन गर्दै गुणस्तरिय शिक्षामा पहुँच अभिबृद्धि गर्न शिक्षा क्षेत्रमा लगानी बिस्तार हुदै आएको छ । सबै तह र बिधाका शिक्षामा समतामुलक पहुँच अभिवृद्धि गर्न नीतिगत, कानुनी र संस्थागत सुधारका प्रयासहरु भएका छन सोहि अनुरुप यस न.पा.ले पनि यसै रणनिति लाई आत्मसाथ गर्दैयस क्षेत्रमा कार्यक्रमहरु संचालन गर्दै आएको छ । माडी नगरपालिकाका ५-२५ वर्ष उमेरसमुहका बिद्यार्थीहरुको विद्यालयमा हुने उपस्थिति सम्वन्धी विवरणलाई हेर्दा यस उमेर समुहका पुरुष जनसंख्या ७८६४ र महिलाको जनसंख्या ७७४१ मध्ये हाल स्कूल गईरहेका पुरुषको संख्या ७३७० र महिलाको जनसंख्या ६९५४ देखिन्छ भने यसै उमेर समुहमा हाल स्कूल नगएको विवरण हेर्दा पुरुषको संख्या ४८४ तथा महिलाको संख्या ७८८ देखिन आउदछ भने १० पुरुष तथा ८ जना महिलाको शैक्षिक बिवरण प्राप्त हुन सकेको छैन । यस सम्वन्धि विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.४.३:५-२५ वर्ष उमेरका स्कूलमा उपस्थिति सम्वन्धी विवरण**

| सि.नं. | ५-२५ वर्ष उमेर समुहको जनसंख्या | | जनसंख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | हाल स्कूल गइरहेका | | हाल स्कूल नगएका | | थाहा नभएका | |
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| १ | ७८६४ | ७७४१ | ७३७० | ६९४५ | ४८४ | ७८८ | १० | ८ |

श्रोतःस्थलगत तथा घरधुरी सर्वेक्षण २०७४

## ४.९ जनसंख्याको आधारमा ५ वर्ष तथा सो भन्दा माथिका शैक्षिक तह सम्वन्धी विवरण



शिक्षा ज्ञानको ज्योति हो । शिक्षाले अन्धकार र अन्धविश्वासलाई तोड्दै समाज परिवर्तनको सन्दभैमा सेता किरणहरु छर्दछ । यो अज्ञानता विरुद्धको एक



सञ्जीवनि वुटी हो शिक्षा परिवर्तनको अस्त्र हो शिक्षाले समाजमा परम्परा देखि रुमलिदैं आएका सामाजिक तथा सांस्कृतिक चरहरुलाइ प्रतिस्थापन गरी नयाँ र नविन चलहरुको स्थापना गर्न सहयोग गर्दछ । शिक्षाले जातिय कट्टरता, विभेद र असमानताहरुलाई क्रमशः हटाउदै गएको छ । सामाजिक समावेशिकरण र सामाजिक न्यायलाई मजबुद बनाइदिएको छ । यस्ले वैज्ञानिक आविश्कारलाई सहयोग गरेको छ । समाजमा ज्ञान, सिप, कला, विज्ञानर साहित्यको प्रष्फुटन गराइदिएको छ । समाजलाई हेर्ने दृष्टिकोणमा सकरात्मक परिवर्तन ल्याई सामाजिक परिवर्तनको गति तथा दायरालाई फराकिलो वनाईदिएको छ । यस्कै माध्यमबाट कानुनी  सुधारहरु भई समाजमा समानतामा आधारित कानुनहरुको विकास भएको छ । यसै सर्न्दभमा यस वडामा बसोबास गर्ने बासिन्दा तथा जनसंख्याको शैक्षिक  स्थिति तथा विबरण लाई तलको तालिकामा यसरि उल्लेख गरिएको छ । यस नगरपालिकामा भएको कुल जनसंख्या ४३४०२ जसमा महिला २०५९७ र पुरुष २१९२१ मध्ये जम्मा २४३३९ विभिन्न शौक्षिक उपाधि प्राप्त गरेका छन । जसमा पुरुष ११९५९ र महिला १२३८० साक्षर रहेका छन् । शैक्षिक तहको अध्ययन गर्दा पुर्व प्राबिमा ६२८ जना छन भने प्रा.बि.मा १०४७४ रहेका छन । त्यसैगरि नि.मा.बि.मा ५८७९ छन् भने मा.बि.मा २७७५ रहेका छन् । त्यसैगरी एस. एल. सि. पास गरेको संख्या १९६१ छ जस्मा महिला ८३७ तथा पुरुष ११२४छ सोहि अनुसार प्रविणता प्रमाणपत्र वा सो सरह पास गरेको संख्या ७४१ छ जसमा महिला ३२० तथा पुरुष ४२१ रहेको छ । यसैगरी स्नातक वा सो सरह पास गरेको संख्या  १९६ छ जसमा महिला ५७ र पुरुष १३९ रहेको देखिन्छ  भने स्नाकोत्तर वा सो सरह पास गरेको संख्या ज्यादै न्यून जम्मा ३७ देखिन्छ । यस नपा.मा अनौपचारीक शिक्षा लिएकाको संख्या १५९३जना रहेका छन । तलको तालिकामा माडी नगरपालिकाको शैक्षिक विवरणलाई देखाइएको छ ।

**तालिका नं. ४.४ जनसंख्याको आधारमा ५ वर्ष तथा सो भन्दा माथिकाशैक्षिक तह सम्वन्धी विवरण**

| विवरण | जम्मा | शैक्षिक तह पुरा गरेको जनसंख्या | | | | | | | | | अनौपचारिक शिक्षा | थाहा नभएको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पूर्व प्रा.वि. | प्रा.वि (१-५) | निमावि (६-८) | मावि(९-१०) | एस एल सी | प्रमाण पत्र तह | स्नातक | डिग्री | अन्य | | |
| **जम्मा** | **२४३३९** | **६२८** | **१०४७४** | **५८७९** | **२७७५** | **१९६१** | **७४१** | **१९६** | **३७** | **९** | **१५९३** | ४६ |
| पुरुष | ११९५९ | ३४१ | ५१५४ | २६४१ | १३१८ | ११२४ | ४२१ | १३९ | २९ | ३ | ७६४ | २५ |
| महिला | १२३८० | २८७ | ५३२० | ३२३८ | १४५७ | ८३७ | ३२० | ५७ | ८ | ६ | ८२९ | २१ |

श्रोतःस्थलगत तथा घरधुरी सर्वेक्षण २०७४

## ४.१० लिङ्ग तथा जनसंख्याको आधारमा ५ वर्ष माथिको साक्षरता सम्वन्धी विवरण

माडी नगरपालिका भित्र लिङ्ग तथा जनसंख्याको आधारमा ५ वर्ष भन्दा माथिको साक्षरता सम्वन्धी विवरणलाई हेर्दा ५ वर्ष भन्दा माथिको जनसंख्या पुरुषको १९६९१ र महिलाको १९९५३ गरी जम्मा जनसंख्या ३९६४४ रहेको छ । यो जनसंख्यालाई आधार मान्दा पढ्न र लेख्न सक्ने जनसंख्या जम्मा २९२०१ रहेको छ । जसमा पुरुषको जनसंख्या १४३८३ र महिलाको जनसंख्या १४८१८ रहेको छ । यसैगरी पढ्न र लेख्न नसक्ने जनसंख्याको विवरणलाई हेर्दा यस नगरपालिका भित्र पुरुष र महिला गरी जम्मा जनसंख्या ९६०१ रहेको छ भने यस नगरपालिकाको साक्षरता दर ७०.०७ रहेको देखिन्छ । जसमा पुरुषको साक्षरता दर ७७.८४ रहेको छ भने महिलाको साक्षरता दर ६३.९३ रहेको छ । तलको तालिका तथा चार्टमा लिङ्ग तथा जनसंख्याको आधारमा ५ वर्ष माथिको साक्षरता सम्वन्धी विवरण देखाईएको छ ।

**तालिका नं.४.५ लिङ्ग तथा जनसंख्याको आधारमा ५ वर्ष माथिको  साक्षरता सम्वन्धी विवरण**

| ५ वर्ष भन्दा माथि | | | पढ्न र लेख्न सक्ने | | | पढ्न मात्र सक्ने | | | पढ्न र लेख्न नसक्ने | | | थाहा नभएको | | | साक्षरता दर | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| १९६९१ | १९९५३ | ३९६४४ | १४३८३ | १४८१८ | २९२०१ | ३५९ | ४५० | ८०९ | ३०७२ | ६५२९ | ९६०१ | १६ | १७ | ३३ | ७७.८४ | ६३.९३ | ७०.१ |

श्रोतःस्थलगत तथा घरधुरी सर्वेक्षण २०७४

## ४.११ विद्यालय जान लाग्ने समय

माडी नगरपालिका भित्र अध्ययन गर्ने वालवालिकालाई विद्यालय जान लाग्ने समय शिर्षकलाई अध्ययन विश्लेषण गर्दा १० मिनेट देखि १ घण्टा समय लाग्ने गरेको देखिएको छ । विद्यार्थीलाई लाग्ने समय र विद्यालयको सुगमतालाई हेर्दा १० मिनेट भित्र विद्यालय पुग्ने विद्यार्थीको संख्या४० प्रतिशत रहेको छ । त्यसैगरि आधा घण्टा भित्र विद्यालय पुग्ने विद्यार्थीको संख्या ३० प्रतिशत रहेको छ भने १ घण्टा समय लाग्ने ३० प्रतिशत रहेको छ ।

### ४.१२ खानेपानी स्रोतको विवरण



खानेपानी तथा सरसफाई स्वास्थ्य सँग प्रत्यक्ष सरोकार रहेको विषय हो । स्वास्थ्य जिवन जिउनका लागि यि तत्वको निकै महत्व रहेको हुन्छ र यस वारेमा सचेत पनि रहनु पर्दछ । खानेपानीले मानिसको स्वास्थ्यमा प्रत्यक्ष रुपमा असर गर्ने गर्दछ तसर्थ खानेपानी सफा तथा शुद्ध हुन आवश्यक छ र यसको साथसाथै सरसफाईमा पनि त्यतिकै जानकारी राख्नु पर्दछ ।



माडी नगरपालिकामा विद्यमान अवस्थामा प्रसस्त जलभण्डार रहेका छन जस्तै : रेवा नदी, घागर खोला, परुइ खोला, चिताइ खोला, धोवा रतनी खोला, मगुइ खोला, देउता खोला, मरोठ खोला,डाग्रे खोला, देउजर खोला, टम्टा खोला, बगाइ खोला, पल्टेखोला, बाँदरमुढे खोला, लगायतका अन्य ठाडा र खहरे खोलाहरु , बैकुण्ठ ताल, परशुराम कुण्ड आदि । तर माडी नगरपालिकामा प्रयोग हुने पानीको मुख्य श्रोत भनेको नै व्यक्तिगत धारा रहेको छ यस नगरपालिकाकाजम्मा परिवार संख्या मध्ये ५४९१ घरपरिवारले (६३.४८ प्रतिशत) खानेपानीको रुपमा व्यक्तिगत धारा प्रयोग गरेका छन । त्यस्तै सार्वजनिक धारा प्रयोग गर्ने संख्या कूल घरपरिवार मध्ये १८.८ प्रतिशत अर्थात १६२९ घरपरिवार तथा ७.८ प्रतिशत अर्थात ६८१ घरपरिवारले कूवा, जरुवा र ईनारको प्रयोग गरेका छन । तलको तालिकामा खानेपानीको स्रोतको विवरणलाई देखाइएको छ ।

**तालिका नं. ४.६ खानेपानी स्रोतको विवरण**

| १ | खानेपानीको श्रोत | घरपरिवार संख्या |
|---|---|---|
| २ | व्यक्तिगत धारा | ५४९१ |
| ३ | सार्वजनिक धारा | १६२९ |
| ४ | सामुदायिक धारा | ३२६ |
| ५ | छिमेकीको धारा | ४८२ |

| | | |
|---|---|---|
| ६ | कूवा, जरुवा र ईनार | ६८१ |
| ७ | नदी तथा खोला | ४० |
| | **जम्मा** | **८६४९** |

श्रोतः स्थलगत तथा घरधुरी सर्वेक्षण २०७४

**डायग्राम नं. ४.१खानेपानी स्रोतको विवरण**




## ४.१३ पानी ल्याउन लाग्ने समय

माडी नगरपालिकामा वसोवास गर्ने अधिकांश घरपरिवारमा टयुबवेलको सुविधा रहेको देखिन्छ तर २०७२ बैशाख १२ को महाभुकम्पका कारण अधिकांश पानीका श्रोतहरु नष्ट भएको स्थानीयवासीको गुनासो रहेको छ ।निजी तथा सार्वजनिक धाराहरु कम मात्रामा रहेको र ति धाराहरुमा पनि पानी कम आउने गरेको समस्या रहेको देखिन्छ । धारामा पानी नआउदा मानिसहरु घरवाट पायक पर्ने सार्वजनिक टयूवेल, मुलको पानी प्रयोग गर्न वाध्य छन । उपलब्ध तथ्यांक अनुसार यस नगरपालिकामा खानेपानी सुविधा घरमै उपलब्ध भएको घरपरिवार संख्या ५४९१ छ । त्यस्तै खानेपानी ल्याउन ५ देखी १५ मिनेट लाग्ने परिवार संख्या ५ प्रतिशत छन भने ५ प्रतिशत परिवारलाई खानेपानी ल्याउन १५ देखी ३० मिनेट लाग्ने गरेको देखिन्छ ।

## ४.१४ शौचालय र प्रकार



माडी नगरपालिका भित्र वस्ने परिवार संख्या ८६४९ घर परिवार मध्ये साधरण शौचालय भएको परिवार संख्या २०८ तथा कच्ची शौचालय भएको परिवार संख्या (जम्मा परिवार संख्या मध्ये ९.७ प्रतिशत) छ भने पक्की शौचालय भएको परिवार संख्या ६४२९ (जम्मा परिवार संख्या मध्ये ७४.३ प्रतिशत) रहेको

देखिन्छ भने ११७७ घरपरिवारका शौचालय नरहेको अवस्था छ । तलको तालिका र चार्टमा वडा अनुसार शौचालय र यसको प्रकारको अवस्थालाई स्पष्ट पारिएको छ ।

**तालिका नं. ४.७ शौचालय र प्रकार**

| विबरण | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|
| साधारण | २०८ | २.४ |
| कच्ची | ८३५ | ९.७ |
| पक्की | ६४२९ | ७४.३ |
| शौचालय नभएको | ११७७ | १३.६ |
| **जम्मा** | **८६४९** | **१००.०** |

श्रोत: स्थलगत तथा घरधुरी सर्वेक्षण २०७४

**डायग्राम नं. ४.२ शौचालय र प्रकार**




## ४.१५ फोहोरमैला व्यवस्थापनमा परिवार संख्याको विवरण






फोहोरमैला व्यवस्थापनमा यस

नगरपालिकाका नगरवासीमा अझै पनि फोहोरमैला लाइ कसरी व्यवस्थापन गर्ने भन्ने कूराको ज्ञानको कमी भएको देखीन्छ । जसको फलस्वरुप मानिसको स्वास्थ्यमा प्रतिकूल असर त पर्छ नै, यसको अलावा नगरको सुन्दरतामा समेत कमी हुन आउछ । यसका लागी समय समयमा विभिन्न किसिमका कार्यक्रम संचालन गरेमा फोहोरमैला व्यवस्थापनमा विकास हुन गई नगरपालिका सफा, स्वच्छ तथा हरियाली वनाउन सकिन्छ ।

खानेपानी तथा सरसफाइ संवन्धी सहभागीतामुलक योजना निर्माण गरि यस नगरपालिकालाई खुलादिशा मुक्त नगरपालिका घोषणा भएको भए तापनि यस्को उचित सम्मान अझ हुन सकेको देखिदैन यस नगरपालिकामा वसोवास गर्ने अधिकांस घरपरिवारले घरवाट निस्कने फोहोरनिश्चत स्थानमा फाल्ने गरेको पाइन्छ । यसका अलावा केही घरपरिवारले खोला, कूलोमा फाल्ने गर्ने गरेको पाइएकोछ भने केही घरपरिवारले घरवाट निस्कने फोहोरलाई कम्पोष्ट मल वनाउने गरेका छन । फोहोर फाल्ने ठाँउको उचित व्यवस्थापन नहुदा तथा यस सम्वन्धी चेतना कम हुदा फोहोरकै कारणवाट विभिन्न किसिमका रोग लाग्ने गरेको पाइन्छ । यसकारण यस नगरपालिकामा वसोवास गर्ने घरपरिवारले आफ्नो घरवाट निस्कने फोहोरलाई उचित व्यवस्थापन गर्नु अनिवार्य जस्तै भएकोछ ।

## ४.१६ वालवालिका

बालबालिका भनेका स्नेहका पात्र र मुहान हुन  र उनीहरु निर्दोष र निश्चल हुन्छन । प्रत्येक व्यक्तिले आफ्नो जीवनको शुभारम्भमा बालापन बिताएको हुन्छ र सामान्यतया उनीहरुको वालापनका क्षणहरु सुखद र सम्झनायोग्य हुन्छ तर सबैको लागि वालापन रहरलाग्दो र रमाइलो हुदैन । घरपरिवार र समुदायमा हुने गरेका हिंसा, आमा बाबु र अभिभावकको मृत्यु, कुपोषण, गरिवी, अशिक्षा, अज्ञानता तथा चेतनाको कमी, वालश्रमको बोझ, मानसिक असन्तुलन आदिका कारण वालवालिकाहरु साँनो छँदा मात्र होइन ठुलो भए पछि पनि उनीहरुको मनोविज्ञानमा गहिरो असर परेको हुन्छ । यसै सन्दर्भ हाम्रो देश लगाएत क्षेत्र, जिल्ला र स्थानिय तहमा वसेका अधिकांश वालवालिकाहरु गरिवी, विपन्नता र अभावका विचमा बाँचिरहेका छन् ।बालमैत्री स्थानीय शासन बाल अधिकारसम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्द्धन गरी स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न ल्याइएको अवधारणालाई मनन गर्दै बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि(CRC), १९८९ को अवधारणा, नेपालको संविधानमा भएको बाल अधिकारसम्बन्धी व्यवस्था, नेपालको त्रि-वर्षीय अन्तरिम योजना, बालबालिकासम्बन्धी ऐनले बालबालिकाको पक्षमा लिएका नीतिगत एवं कानुनी प्रावधान, सहश्राब्दी विकासलक्ष्य(Millennium Development Goals)अर्न्तगतको दोश्रो बुँदामा विश्वव्यापी रुपमा प्राथमिकता शिक्षा प्राप्ती अर्न्तगत हाम्रा सवै वालवालिकाहरुलाई प्राथमिक शिक्षा उपलब्ध गराउन आ आफ्नो ठाँउवाट पहल गर्नु पर्ने र सवैले आ आफ्ना वालवालिकालाई विद्यालय भर्ना गरि निरन्तर रुपमा नियमित विद्यालय पठाउने र नपठाउने लाई उनीहरुको पहिचान गरि तिनीहरुका वालवालिकाहरुलाई पनि विद्यालय पठाउने वातावरण सिर्जना गर्नु पर्ने कुरालाई विशेष जोड दिएको छ भने सोहि लक्ष्यको चौथो बुँदामा वाल मृत्युदर न्युनीकरण अर्न्तगत ५ वर्ष मुनिका सवै वालवालिकालाई उच्च प्राथमिकता दिई अकाल मृत्युवाट जोगाउनु पर्ने र सवै वालवालिका र शिशुहरुको बाँच्न पाउने अधिकारका लागि सहकार्य गर्दै समयमा नै आवश्यक मात्रामा खोप दिनु पर्ने कार्यलाई पनि जोड दिएको छ जसको फलस्वरुप हाम्रो देशले पनि आफ्नो केन्द्र देखि स्थानिय स्तरसम्म केहि हद सम्म यसको कार्यान्वयन गरेको देखिन्छ तर पुर्ण रुपमा सन्तोष गर्ने स्थिती भने रहेको छैन ।

## ४.१७ वाल क्लवको विवरण

यस नगरपालिका भित्र रहेका वाल क्लवको विवरणलाई हेर्दा विद्यालयमा आधारित विभिन्न वाल क्लवहरु रहेका छन । यस नगरपालिकाका प्रत्येक बिद्यालयमा एउटा बाल क्लब बिद्यमान रहेका छन् ।

## ४.१८ विद्यालयहरुमा शौचालयको विवरण

यस नगरपालिकामा रहेका विद्यालयहरुमा शौचालयको विवरणलाई हेर्दा सामान्य सवैले प्रयोग गर्ने शौचालयको संख्या ५७ छ भने शिक्षक शिक्षिकाका लागी भिन्दा भिन्दै शौचालय संख्या ४ वटा रहेकोछ । यसैगरी छात्रछात्राका लागी भिन्दाभिन्दै भएको शौचालय संख्या ७ छ भने अपांगका लागी भिन्दाभिन्दै भएका शौचालय संख्या जम्मा १ वटा रहेको छ । तलको तालिकामा विद्यालयहरुमा शौचालयको किसिकको विवरणलाई स्पष्ट पारिएकोछ ।

**तालिका नं.४.८ विद्यालयहरुमा शौचालयको विवरण**

| जम्मा विद्यालय संख्या | शौचालयको किसिम (संख्यामा उल्लेख गर्ने) | | | | जम्मा |
|---|---|---|---|---|---|
| | सामान्य सवैले प्रयोग गर्ने किसिमको | शिक्षक शिक्षिकाका लागी भिन्दा भिन्दै भएको | छात्रछात्राका लागी भिन्दाभिन्दै भएको | अपांगका लागी भिन्दाभिन्दै भएको | |
| ५७ | ५७ | ४ | ७ | १ | ६९ |

श्रोत: जिल्ला शिक्षा कार्यालय, माडी नगरपालिका तथा स्थलगत सर्वेक्षण २०७४




## ४.१९ सामाजिक संघसंस्था

माडी नगरपालिका वसोवास गर्ने अधिकांश घरपरिवारका सदस्यहरु कुनै न कुनै संघसंस्थामा आवद्ध रहेको देखिन्छ । यस नगरपालिकाभित्र वसोवास गर्ने धेरै परिवार सहकारी संस्थामा आवद्ध छन । समाजको हित तथा दिगो विकासका लागी सामाजिक संघ संस्थाहरुले विभिन्न तह तथा क्षेत्रहरुवाट विभिन्न प्रकारका योगदानहरु पुचाइरहेका हुन्छन । सामाजिक संघ संस्थाहरुमा उपभोक्ता समिति, युवा क्लव, वाल क्लव, महिला तथा आमा समुह, नेपाल रेडक्रस सोसाइटी, नागरिकमञ्च, सहकारी संस्था आदी पर्दछन । यसको साथै माडी नगरपालिकामा सामाजिक क्षेत्रमा काम गरिरहेका नेपाल रेडक्रस सोसाइटीका उपशाखालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.४.९नेपाल रेडक्रस सोसाइटी उपशाखा सम्वन्धि विवरण**

| क स | बिवरण | स्थान |
|---|---|---|
| १ | नेपाल रेडक्रस सोसाइटी | गर्दी वडा नं. १ |
| २ | नेपाल रेडक्रस सोसाइटी | बघौडा वडा नं.३ |
| ३ | नेपाल रेडक्रस सोसाइटी | कल्याणपुर वडा नं.६ |
| ४ | नेपाल रेडक्रस सोसाइटी | अयोध्यापुरी वडा नं.९ |

श्रोत: माडी नगरपालिका तथा स्थलगत सर्वेक्षण २०७४

## ४.२० सामुदायिक तथा सार्वजनिक पाटीपौवा तथा भवनहरुको विवरण

यस नगरपालिका भित्र रहेका वडाहरुमा विभिन्न प्रकारका सामुदायिक भवनहरु रहेको पाईन्छ । यस्ता भवनहरुमा विभिन्न किसिमका कार्यक्रमहरु संचालन गर्ने, वडा भेलागर्ने गरेको पाइन्छ। यहाँका सामुदायिक भवनमा नागरिक सचेतना केन्द्र, सियरही, दलित भवन तथा धर्मशाला आदी रहेका छन । तलको तालिकामा माडी नगरपालिकाका भित्र रहेका सामुदायिक भवनहरुको विवरणलाई दिईएको छ ।

**तालिका नं. ४.१० सामुदायिक भवनहरुको विवरण**

| क.सं. | सामुदायिक भवनको नाम | ठेगाना | हालको उपयोग |
|---|---|---|---|
| १ | गर्दी सामुदायीक भवन | बरुवा १ | पुस्तकालय |
| २ | महिला सामुदायीक भवन २ वटा | वडा नं.२ | बैठकको लागी |
| ३ | नेपाल बोटे समाज | वडा नं. ९ | कार्यालय प्रयोजन |
| ४ | थारु कल्याणकारिणी समाज | बघौडा | - |
| ५ | थारु संग्राहलय | बघौडा | - |
| ६ | गोध्धक स्थान | गोध्दक | |
| ७ | बरुवा शिबमन्दिर | बरुवा | |
| ८ | दिवाकर बालग्राम | नयाँ पिपरिया वडा न ५ | |
| ९ | कर्ण बहादुर घर्ति प्रतिष्ठान | रामराज्यपुर वडा न ६ | |
| १० | कालिका महिला सामुदायिक भबन | कल्याणपुर वडा न ६ | |
| ११ | सामुदायिक रेडियो माडी | बसन्तपुर वडा न ३ | |

स्रोत : माडी नगरपालिका तथा स्थलगत सर्वेक्षण २०७४

## ४.२१ खेल मैदान तथा पार्क सम्बन्धी विवरण

खेलकुद मानव जिवनको एक अभिन्न अङ्ग हो । मानिस स्वस्थ वन्न साथै स्वस्थ समाज निर्माण गर्न खेलकुदको महत्व अपरिहार्य जस्तै वनेको छ । यस नगरपालिकामा पनि स साना विभिन्न किसिमका खेदकुद मैदान रहेका छन । यस्ता मैदानहरुमा प्रायः फुटवल तथा भलिवल खेल्ने गरेको पाइएको छ । तलको तालिकामा यस नगरपालिका भित्र भएका खेलकुद मैदान तथा पार्क सम्वन्धी विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका न.४.११ खेल मैदान तथा पार्क सम्बन्धी विबरण**

| क्र.स | बिवरण | ठेगाना |
|---|---|---|
| १ | बनकट्टा खेल मैदान | वडा न.१ |
| २ | बरुवा खेल मैदान | वडा न.१ |
| ३ | बसन्तपर खेल मैदान | वडा न.३ |
| ४ | गौरीनगर खेल मैदान | वडा न.७ |
| ५ | बगै खेल मैदान | वडा न.९ |
| ६ | सिदुवा खेल मैदान | वडा न.४ |
| ७ | दिवानगर खेल मैदान (४ वटा) | वडा न.८ |
| ८ | सहिद पार्क | वडा न. २ |

स्रोत : माडी नगरपालिका तथा स्थलगत सर्वेक्षण २०७४

## ४.२२ सहकारी संस्था सम्वन्धि विवरण

यस माडी नगरपालिका  भित्र विभिन्न सहकारी संस्था, वचत तथा ऋण सहकारी, विभिन्न आमा समुह, महिला समुह आदी संस्था निश्चित उद्देश्य लिएर संचालनमा रहेको पाइन्छ । जस्तै : सरकारी/गैर सरकारी कार्यालय र संघसंस्थाहरु : इलाका प्रहरी कार्यालय १, कृषि सेवा केन्द्र १,पशुसेवा केन्द्र १, इलाका हुलाक कार्यालय ४, कृषि विकास बैंक १, त्रिबेणी बैंक १, विद्युत प्राधिकरणको शाखा कार्यालय १, नेपाल रेडक्रस सोसाइटी उपशाखाहरु, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम(UNDP), नेपाल ग्रामिण आत्मनिर्भर अभियान NRUSEC,नेपाल ग्रामिण पुनर्निर्माण संस्था (RRN), यूएसएआइडी, डव्लद्रडव्लएफ, सामरी उत्थान सेवा, कालिका सामुदायिक महिला विकास केन्द्र,दीलेप्रोसी मसिन नेपाल शाखा कार्यालय १, विभिन्न बित्तिय संस्थाहरु ३, नेपाल रेडक्रस सोसाइटी उपशाखाहरु ४ रहेका छन भने सहकारी संस्था( वचत तथा ऋण, कृषि, महिला, बहुउदेश्यीय, उपभोक्ता, दुग्ध उत्पादक, माछापालन, रेशम बिकास, सामाजिक उधमी, स्वास्थ्य आदी प्राकृतिका जम्मा ३४ वटा रहका छन । व्यक्ति, परिवार , टोल, समुदाय वा समाज विचको आन्तरिक अन्तरसम्वन्ध तथा सहकार्यवाट जून साना तथा ठूला आर्थिक आवश्यकता तथा समस्याहरुको निवारण गर्नका लागी वनाइएको संगठनलाइ सहकारी संस्था भनिन्छ । यसनगरपालिकामा प्रायः मानिसहरुले सानो रकमको आवश्यकतालाई टोल छिमेकवाटै सरसापटी लिई चलाउने गरेको पाइन्छ भने ठूलो रकमको आवश्यकताको वेलामा बैंक तथा सहकारी संस्थावाट लिने गरेको पाइन्छ । यहाँका अधिकांस मानिसहरुले कूनै व्यवसाय संचालन गर्न वैदेशिक रोजगारीमा जान, घर वनाउन, सवारी साधन किन्न आदी विभिन्न कारणले सहकारी संस्था मार्फत ऋण लिइरहेका हुन्छन । यस नगरपालिकामा रहेका यस्ता सहयोगी संस्थाहरुवाट यहाँका वासिन्दाहरुको जिवनस्तर सहज सरल र सफल वनेकोछ । माडी नगरपालिकामा रहेका बिभिन्न सहकारी संस्थाको बिवरणलाई निम्न अनुसार प्रस्तुत गरिएको छ :

**तालिका नं ४.१२ सहकारी संस्था सम्वन्धि विवरण**

| क.स | नाम | ठेगाना |
|---|---|---|
| १ | सोमेश्वर रेशम कृषक सहकारी संस्था लि. | कल्याणपुर |
| २ | रेवा मध्यवर्ती बचत तथा ऋण स.स.लि. | कल्याणपुर |
| ३ | समता बचत तथा ऋण स.स.लि. | कल्याणपुर |
| ४ | अनमोल महिला बचत तथा ऋण स.स.लि. | कल्याणपुर |
| ५ | कल्याणपुर बचत तथा ऋण स.स.लि. | कल्याणपुर |
| ६ | हरिनगर दुग्ध उत्पादक स.स.लि. | कल्याणपुर |
| ७ | गोपालनगर माछा उत्पादक तथा वितरण स.स.लि. | कल्याणपुर |
| ८ | ज्वाला महिला कृषि स.स.लि. | कल्याणपुर |
| ९ | अयोध्यापुरी मध्यवर्ती बचत तथा ऋण स.स.लि | अयोध्यापुरी |
| १० | कान्तिपुर महिला बचत तथा ऋण स.स.लि. | अयोध्यापुरी |
| ११ | अयोध्यापुरी सञ्जाल महिला बचत तथा ऋण स.स.लि. | अयोध्यापुरी |
| १२ | जनजागरण बहुउद्देश्यीय स.स.लि | अयोध्यापुरी |
| १३ | बुल्बुले महिला ऋण स.स.लि | अयोध्यापुरी |
| १४ | सहनशिला महिला बचत तथा ऋण स.स.लि | गर्दी |
| १५ | भैरवी दुग्ध उत्पादक स.स.लि | गर्दी |
| १६ | कृषक उपकार बचत तथा ऋण स.स.लि. | गर्दी |
| १७ | पाण्डव महिला बचत तथा ऋण स.स.लि. | गर्दी |
| १८ | गर्दी बचत तथा ऋण स.स.लि. | गर्दी |
| १९ | ऋण सहकारी संस्था लि. | गर्दी |
| २० | गोद्धक सामाजिक उद्यमी महिला स.स.लि | गर्दी |
| २१ | कर्मशील महिला स.स.लि | गर्दी |

| क्र.स | नाम | ठेगाना |
|---|---|---|
| २२ | बघौडा महिला बचत तथा ऋण स.स.लि. | बघौडा |
| २३ | महेश्वरी बहुउद्देश्यीय स.स.लि | बघौडा |
| २४ | माडी बहुउद्देश्यीय स.स.लि | बघौडा |
| २५ | दिगोपन सामाजिक उद्यमी महिला स.स.लि | बघौडा |
| २६ | पारिजात स्वास्थ्य स.स.लि | बघौडा |
| २७ | पौरखी उपभोग्ता स.स.लि | बघौडा |
| २८ | जन्मभुमि उपभोग्ता स.स.लि | बघौडा |
| २९ | मितेरी कृषि स.स.लि | बघौडा |
| ३० | समन्वय महिला कृषि स.स.लि | बघौडा |

स्रोत : माडी नगरपालिका, माडी चिनारी पुस्तिका तथा स्थलगत सर्वेक्षण २०७४

### ४.२३ लैंगिक समानता र विकास

जन्म देखि नै पुरुष र महिलाको फरक पहिचान र भूमिका हुनु पर्छ भन्ने मान्यता हाम्रो समाजमा छ। अर्थात पुरुष र महिलाले यस्तो यस्तो भूमिका निर्वाह गरुन भन्ने अपेक्षा समाजले लिएको हुन्छ। केटीहरुले फ्रक, गुन्यु जस्ता लुगा लगाउनु पर्ने, घाँस दाउराको जोहो गर्नु पर्ने, पानी पधेरो र भान्साको काम गर्नु पर्ने, घरवाट एक्लै वाहिर हिड्न नहुने, सामाजिक कार्यमा अग्रसर नहुने जस्ता भूमिकाहरुको अपेक्षा समाजले गरेको छ भने पुरुषले चाहि पाइन्ट लगाउनु पर्ने, घर वाहिरको भूमिका निर्वाह गर्नु पर्ने, सामाजिक कार्यहरुमा सकृय सहभागी हुनु पर्ने जस्ता मान्यता राखेको छ। समाजमा भएका यस्ता मान्यता व्यक्तिले जन्मीदै लिएर आएको हुदैन उसलाइ समाजले दिएको हुन्छ। यसरी महिला वा पुरुष भएकै आधारमा व्यक्तिलाइ परिवार वा समाजले दिने भुमिका नै लैगिकता हो भने महिला र पुरुष दुवैलाइ सामाजिक विभेद नगरी समान दृष्टिकोणको समान व्यवहार गर्नु नै समानता भनिन्छ। समानतामा कुनै पनि व्यक्तिलाइ जातिय, लिंग, धर्म, अपांगता आदीको कारणले भेदभाव नगरी समान दृष्टिकोणले हेरिन्छ। माडी नगरपालिकाको स्थलगत अध्ययन क्रममा प्राप्त जानकारी तथा तथ्यांकको आधारमा यस न.पा. भित्र घरमा विभिन्न विषयमा निर्णय गर्नुपर्दा वा सामाजिक कार्यहरुमा महिला र पुरुषको समान सहभागिता हुने गरेको छ र विना भेदभाव छोराछोरीलाई शिक्षित वनाउने पनि पाइएकोछ। लैगिंक समानता र विकासको सवालमा यो नगरपालिकालाई नमुनाको रुपमा लिन सकिन्छ।

# परिच्छेद ५: आर्थिक विकास

आर्थिक विकास तथा सशक्तिकरण केन्द्रिय सरकार देखि स्थानीय तहसम्मको प्रमुख उद्देश्यका रुपमा रहेको हुन्छ। रोजगारीको अवस्था सिर्जना, प्राविधिक शिक्षा, उद्योगधन्दाको पूर्ण विकास, व्यावसायिक खेती प्रणाली, जलविद्युत, पर्यटनको प्रबर्द्धन आदिबाट आर्थिक विकास हुन सक्ने मानिन्छ। रोजगारीको सिर्जनाले कुनै पनि स्थानको आर्थिक विकासमा महत्वपूर्ण सहयोग पुऱ्याउने गर्दछ। रोजगारीले मानिसहरुलाई सवल र सक्षम पनि बनाउने गर्दछ। यस्तो रोजगारी स्वदेशमा गरिने र विदेशमा गरिने गरी मुख्य रुपमा दुई प्रकारको हुने गर्दछ।

यिनीहरुमध्ये पनि विदेशी नोकरीले वैदेशिक मुद्रा आर्जनमा सहयोग पुऱ्याउने गर्दछ भने आन्तरिक रोजगारीले मानिसलाई सक्षम बनाउन मद्धत गर्दछ।वर्तमानमा माडी नगरपालिकावाट आर्थिक विकास तथा सशक्तिकरणका लागि गरिएका मुख्य कार्यहरुमा,: माडी नगरपालिका घोषणा भए पश्चात कार्यालय स्थापना

गरी कार्य संचालन, साक्षर नगरपालिका घोषणा, विकास निर्माण तर्फ बाटो ग्राभेल, कल्भर्ट निर्माण, विद्यालय, मठमन्दिर, गुम्वा निर्माण तथा मर्मत सुधार, लक्षित वर्ग तर्फ विभिन्न सिपमुलक, आयआर्जन, क्षमताबृद्धि तालिमहरु, चेतनामुलक कार्यक्रमहरु संचालन भएका छन। माडी नगरपालिकाको भौगोलिक अवस्था अनुसार प्रचुर मात्रामा कृषियोग्य जमिन रहेको तथ्यांकले देखाएको र कृषि उत्पादनको लागि उर्वरा माटो तथा हावापानी भएको हुँदाहुदै पनि जनसंख्याको चापले गर्दा खेतियोग्य जमिन मासिदै गएको अवस्थामा रहेकोछ । सो भुमिलाई व्यवसायिक रुपमा उपयोग गर्न तथा कृषिमा आधुनिकीकरण ल्याउन सकेमा यस क्षेत्रमा वसोवास गर्ने जनताको आर्थिक उन्नती छिट्टै हुने देखिन्छ ।

**५.१ पेशामा संलग्न जनसंख्या सम्वन्धि विवरण**



यस नगरपालिकामा वसोवास गर्ने मानिसहरुले गर्ने मुख्य पेशा भनेको कृषि हो । नगरपालिकाका वडा अनुसार पेशामा संलग्न मानिसहरुको विवरणलाई हेर्दा यहाँका मानिसहरु मुख्य रुपमा कृषिमा आश्रित तथा संलग्न भएको देखिन्छ । जनसंख्याको आधारमा हेर्दा यस न.पा. २४७५० जनाले कृषि पेशा अंगालेका छन । यस्तै व्यापार, जागीर, ज्याला मजदुरी तथा अन्य पेशामा संलग्न भएको विवरण मध्ये व्यापार गर्नेको संख्या १६३१ छ भने जागिर गर्नेको संख्या यस नगरपालिका भित्र १८१० रहेका छन । यसैगरी ज्याला मजदुरीवाट ३४२ जनाले आफ्नो घर व्यवहार चलाएको दखिन्छ भने अन्य पेशामा संलग्न भएका मानिसहरु यस न.पा. भित्र न्यून छन । तलको तालिकामा बिभिन्न पेशामा संलग्न भएको परिवार संख्यालाई प्रस्तुत गरिएको छ ।



**तालिका नं. ५.१ पेशामा संलग्न विवरण**

| पेशा | जनसंख्या |
|---|---:|
| कृषि | २४७५० |
| व्यापार | १६३१ |
| नोकरी | १८१० |
| ज्यामी सिपयुक्त | ३४२ |
| वै. रोजगार | २६२७ |
| ज्यामि | २०२ |
| पशुपालन | १८० |
| विधार्थी | ९८३६ |
| अन्य | २०२४ |

| | |
|---|---|
| **जम्मा** | **४३४०२** |

स्रोत : माडी नगरपालिका, माडी नगरपालिका परिचय पुस्तिका तथा स्थलगत सर्वेक्षण २०७४

**डायग्राम नं. ५.१ पेशामा संलग्न विवरण**




## ५.२ नगरपालिकामा प्रचलित वालिका उन्नत जातहरु



माडी नगरपालिका कृषि क्षेत्रको लागि अत्यन्तै उपयुक्त क्षेत्र मानिन्छ ।यस नगरपालिकामा लगाईने मुख्य वालीहरुमा धान, गँहु, मकै, तरकारी वाली, तेलहन, नगदे तथा दलहन वालि पर्दछन । यहाँ खाद्यान्न वाली अन्तरगत धान, गँहु तथा मकै जस्ता वालीहरु कुल कृषि योग्य क्षेत्रको करीब ७५ प्रतिशतजमिनमा लगाउने गरिएको छ भने तोरी, सूर्यमुखी जस्ता तेलहन वालीहरु १५ प्रतिशतजमिनमा लगाएको देखिन्छ । यसै गरी तरकारी वाली अर्न्तगत काउली, प्याज, आलु जस्ता खेतीहरु सिजन अनुसारको हुने हुँदा यसलाई पनि लगाएको देखिन्छ भने मास, मसुरो जस्ता दलहन वाली पनि लगाउने गरिएको छ । बिशेष गरि यस नपामा लगाईने प्रचलित उन्नत जातहरुको वालीको बिवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.५.२ नगरपालिकामा प्रचलित वालिका उन्नत जातहरु**

| क्र.सं. | वालीको नाम | प्रचलित जात |
|---|---|---|
| १. | धान | सुनौलो सुगन्धा, रामधान, मकवानपुर १, साबित्री, स्थानीय मन्सुली, राधा ७, राधा ११, राधा १२, बर्मेली, गोला, बातीसरा, खोले जर्नेली, पाखे जर्नेली, स्थानीय पहेंले, गोरखनाथ, लोकनाथ,खुमल, चैते २, चैते ४, हर्दिनाथ १ |
| २. | मकै | मनकाना १, मनकामना ३, खुमल पहेलो, रामपुर कम्पोजिट, अरुण १, अरुण २, हेटौडा कम्पोजिट, गणेस (हाइब्रीड) , गौरव, देउती, सितला, पोसिलो, मनकामना १, अरुण १,२ |

| | | |
|---|---|---|
| ३. | गहुं | WK १२०४, गौतम, NL २९७, BL१०२२,BL१४७३, RR२१, सिद्धार्थ, अन्नपुर्ण आदि |

